लोकतन्त्रप्रति पूर्ण समर्पित


साप्ताहिक

# नयाँ विमर्श

Naya Bimarsha Weekly

वर्ष १७, अंक ३५, २०८१ वैशाख ७ गते शुक्रबार (April 19, 2024) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रु. १०।- website: www.nayabimarsha.com

## भवनका डिजीले गर्लान् त चमत्कार



काठमाडौं/ गत फागुनको अन्तिम साता शहरी तथा भवन निर्माण विभागको महानिर्देशक बनेका कुमार घिमिरेले पाँच हप्ता पूरा गरेका छन्। भवन निर्माण विभागका जानकार मानिने घिमिरेको कार्यकाल अवकाशको समय ६० वर्ष नबनाइए अव करिब सात महिना मात्र बाँकी रहेको मन्त्रालय श्रोतले बताएको छ। उत्कृष्ठ निजामती सेवा पुरस्कार पाएका घिमिरेलाई सिंहदरबारलाई व्यवस्थित बनाउने सिंह दरबारभित्र बन्न लागेको संघीय संसद भवनको निर्माणलाई अगाडि बढाउने, फोहोरमैला व्यवस्थापनलाई दीर्घकालीन रुपमा समाधान गर्ने र भवन निर्माण संहितालाई कार्यान्वयन गराउने लगायतका चुनौती रहेका छन्। छोटो समयमा यी समस्याहरुको समाधान गरेर महानिर्देशक घिमिरेले चमत्कार (बाँकी ७ पृष्ठमा)

# सरकार नै कानून मिच्दै

## ■ देउवा–नेपाल भेट ■ दाहाल संकटमा



भक्तपुर/ व्यवस्थापिका संसदका सांसदहरुले कानून निर्माण गर्ने तथा कार्यपालिका अर्थात सरकारले ती कानूनको पालना गराउनुपर्ने विश्वव्यापी मान्यता हो। यसरी सर्सर्ती हेर्दा सरकारले कानूनलाई पालना गराउन आफ्नो प्रमुख कर्तव्य पनि हो। यस विपरित हालको सरकार गैरहेको आम बुझाइ भएको छ। हालको सरकार प्रमुख अर्थात प्रधानमन्त्री पुष्पकमल दाहाल नै कानून मिच्ने कार्यमा अग्रसर भएको आम बुझाइ छ। यसका लागि हाल विभिन्न प्रदेशहरुमा देखिएका घटनाक्रम तथा कानून विपरित गरिएका कार्यहरु भनी अदालतमा मुद्दा परेको अवस्थामा प्रधानमन्त्री स्वयम्का गतिविधि पनि उन्मुख रहेको बताइएको छ।

गत निर्वाचनको बेलामा बनाएको सत्ता गठबन्धनबाट निर्वाचित सांसदहरुलाई समेटेर बनेका वास्तविक गठबन्धनलाई टुटाउने कार्य स्वयम् प्रधानमन्त्री दाहालले गरेका थिए। उनले व्यक्तिगत लहडमा गत फागुन २१ गते अकस्मात अर्को गठबन्धन बनाएका थिए। पहिलेको गठबन्धनमा मुख्य घटकको रुपमा नेपाली कांग्रेस रहेको थियो। त्यसलाई हटाएर दाहालले नेकपा (एमाले) लाई मुख्य सत्ता साझेदार बनाई नयाँ गठबन्धन बनाउन पुगे। हाल नयाँ गठबन्धनलाई लिएर दाहाल हिंड्न चाहिरहेको अवस्थामा प्रदेशहरुमा समेत केन्द्रको कम्पन उत्पन्न भएको छ।

दाहालले आफू बाँचुन्जेल उथलपुथल भैरहने भनेको अवस्थामा प्रदेशमा समेत उथलपुथल भैरहेको छ। उनबाटगण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश, कोशी प्रदेश तथा मधेश प्रदेशमा समेत कानून मिच्ने कार्य भैरहेका भनिएको छ। खासगरी सुदूरपश्चिम प्रदेशमा त्यहाँका प्रदेश प्रमुख नियम कानूनको अधीनमा नरही केन्द्रमा राजनीतिक दलले त्यो पनि गठबन्धनमा रहेका दलले गर्ने निर्णयका आधारमा चलेको अवस्था छ।

मुख्यमन्त्रीको नियुक्ति प्रक्रियाका लागि संविधानको धज्जी उडाउने कार्य भैरहेको भनी बुद्धिजीवी वर्गमा परिरहेको छ। सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री नियुक्ति प्रक्रियामा त्यहाँका प्रदेश प्रमुखले आफ्नो पदीय दायित्व समेत बिर्सिएको आरोप लागेको छ। उनले अपनाएको प्रक्रियालाई लिएर सर्वोच्च अदालतमा मुद्दा समेत पर्ने अवस्था देखिएको छ।

यस्तै कार्य गण्डकी प्रदेशमा पनि देखिएको छ। त्यहाँका प्रदेश प्रमुखले पनि आफ्नो पदीय दायित्व निर्वाह नगरेको देखिएको छ। त्यहाँ पनि कानून मिचेर बलजफ्ती रुपमा नेकपा (एमाले) का खगराज अधिकारीलाई मुख्यमन्त्री नियुक्ति गर्ने कार्य प्रदेश प्रमुखले गरेका छन्। उक्त कार्य विवादित भै हाल सर्वोच्च अदालतमा विचाराधीन मुद्दाको रुपमा रहेको छ।

यसरी मुद्दा विचाराधीन अवस्थामा रहेको स्थितिमा अदालतको फैसलालाई पर्खिनुपर्ने मान्यता रहने गर्दछ। यो मुद्दाका लागि यही बैशाख १० गते पेशी तोकिएको छ। त्यो दिनसम्मका लागि अदालतले अधिकारी नेतृत्वको सरकारलाई दीर्घकालिन असर पार्ने खालका कुनै पनि निर्णय वा कार्य नगर्न भनी आदेश दिएको अवस्थाको समेत खिल्ली उडाउने कार्य भैरहेको छ। उनले मन्त्रिपरिषद विस्तार गर्ने तथा विश्वासको मत समेत लिने प्रयास गर्न भनी प्रधानमन्त्री दाहाल समक्ष भेटवार्ता गरेका (बाँकी ७ पृष्ठमा)

## राजश्व अनुसन्धानमा बुढाको चर्चा



काठमाडौं/ प्रधानमन्त्री कार्यालय मातहत रहेको राजश्व अनुसन्धान विभागको महानिर्देशक परिवर्तन गर्ने चर्चा चलेसँगै तयारी पनि भैरहेको समाचार श्रोतले बताएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहालका विश्वास पात्र सह-सचिव नवराज ढुंगानालाई हटाएर त्यहाँ माओवादी निकटको आरोप लागेका सहसचिव चक्र बुढालाई लैजाने गृहकार्य चलेको श्रोतले बताएको छ। २०८० असार १२ गते महानिर्देशकको जिम्मेवारी सम्हालेका ढुंगाना अहिले त्रसित अवस्थामा रहेको बताइएको छ। तात्कालिन अर्थमन्त्री एवं माओवादी सांसद जनार्दन शर्माले बुढालाई भन्सार विभागको महानिर्देशक बनाएका थिए। बुढा हाल पर्यटन विभागको महानिर्देशकको जिम्मेवारी सम्हाल्दै आएका छन्। तात्कालिन पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीको पालामा बुढा पर्यटन विभागको महानिर्देशक बनेको (बाँकी ७ पृष्ठमा)

## राकसको बनभोजमा मन्त्रीको लर्को

काठमाडौं/ गत बैशाख १ गते नयाँ वर्षको दिन नेकपा (माओवादी केन्द्र) निकट राष्ट्रिय कर्मचारी संगठन (राकस) ले बनभोज कार्यक्रमको आयोजना गरेको छ। निजामती पार्क तथा शहीदपार्क गोकर्णमा आयोजना गरिएको बनभोज कार्यक्रमको प्रमुख अतिथि थिइन् माओवादी केन्द्रबाट कृषिमन्त्री बनेकी ज्वालाकुमारी साह। त्यसैगरी विशेष अतिथिहरुमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी, रक्षामन्त्री हरि उप्रेती, खानेपानी मन्त्री राजेन्द्र राई, उद्योगमन्त्री दामोदर भण्डारी र संघीय एवं सामान्य प्रशासनमन्त्री भानुभक्त जोशी।



बागमती प्रदेश राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष ईश्वर ओझाले आयोजना गरेको उक्त बनभोज कार्यक्रममा नयाँ वर्षको विदा भएकाले मन्त्रीहरुको लर्को लागेको थियो। पुरातत्व विभागमा कार्यरत ओझाले बनभोज कार्यक्रममा खानपिन र मदिरासहितको व्यवस्था गरेकाले मन्त्रीहरु छमछमी नाचेको (बाँकी ७ पृष्ठमा)

## कानूनी र नैतिक संकटमा रवि, शक्ति र डोल



काठमाडौं/नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारका मन्त्रीहरु सहकारी काण्डमा मुछिएपछि कानूनी र नैतिक संकटमा परेका छन्। उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने माथि पोखराको सूर्यदर्शन सहकारीबाट एक करोड ८० लाख रकम खातामा जम्मा भएको घटना सेलाउन नपाउँदै बुटवलको सुप्रीम सहकारीमा पनि मुछिएका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीको अध्यक्ष समेत रहेका गृहमन्त्री लामिछानेले भ्रष्टाचार गरेको भन्दै काँग्रेसले संसदीय समिति गठन गर्नुपर्ने माग गर्दै आइरहेको अवस्थामा सरकारले र गठबन्धनमा आवद्ध दलहरुले लामिछानेको बचाउ गर्दै चालु हिउँदे अधिवेशन नै बन्द गरेका छन् ।यसैबीच बुटवलको सुप्रिम सहकारीबाट लाखौं बचतकर्ताहरुले खाई नखाई जम्मा गरेको रकमबाट लामिछानेले बिना धितो दुई करोड ऋण लिएको भन्दै सहकारी पीडितहरुले उजुरी दिएपछि रविको मुद्दा थप पेचिलो बनेको छ।

गृहमन्त्री लामिछानेले गृहमन्त्रालय नपाए सरकार नै छाड्ने धम्की दिएपछि प्रधानमन्त्री दाहालले सत्ता ढल्ने डरले महादेवले सतीदेवीको मृत शरिर बोकेजस्तै बोक्न बाध्य भएका छन्। यता, रास्वपाकै सांसद एवम् श्रम तथा रोजगार मन्त्री डोलप्रसाद (डी.पी.) अर्याल र सहमहामन्त्री कविन्द्र बुर्लाकोटी पनि हाम्रो नयाँ कृषि सहकारी संस्था लिमिटेडको निक्षेपकर्ता ठगीमा जोडिएपछि रास्वपा नामक पार्टीको मुकुण्डो उत्रिएको छ।

सहकारी ठगी काण्डमा रास्वपाका सभापति लामिछानेकी श्रीमती निकिता (बाँकी ७ पृष्ठमा)

## इलाममा मन्त्रीहरुको ताँती

इलाम/ यही बैशाख १५ गते इलाममा हुने भनिएको प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनको दौरान यहाँ मन्त्रीहरुको ताँती लाग्ने गरेको छ। संघदेखि प्रदेशसम्मका मन्त्रीहरुको दैनिकजसो ताँती लाग्ने गरेका कारण प्रहरी-प्रशासनलाई भने सुरक्षाको व्यवस्था मिलाउन हम्मे हम्मे पर्ने गरेको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीको सुरक्षा व्यवस्थामा ध्यान दिइरहेको प्रहरी प्रशासनको लागि राष्ट्रिय स्वतन्त्र पार्टीबाट शिक्षामन्त्री बनेकी सुमना श्रेष्ठ (बाँकी ७ पृष्ठमा)

## प्रेस युनियनको सल्लाहकार चयन

विराटनगर/ नेपाल प्रेस युनियन कोशी प्रदेश समितिले कोशी प्रदेशका लागि प्रदेश सल्लाहकार समिति गठन गरेको छ। उक्त समितिले परामर्श समिति पनि गठन गरेको जानकारी गराएको छ।

प्रदेश समितिले ११ जना रहेको प्रदेश सल्लाहकार समिति र ५१ सदस्यीय परामर्श समिति गठन गरेको जनाएको छ। प्रदेश समितिका अध्यक्ष मीनकुमार नवोदितले प्रेस विज्ञप्ति जारी गर्दै युनियनको विधान २०४८ (छैटौं संशोधन २०७९) को दफा २८ को उपदफा २ (ज) बमोजिम सल्लाहकारहरु चयन गरिएको जानकारी गराएका छन्।

यसरी चयन गरिएका सल्लाहकारहरुमा गिरिराज आचार्य (सुनसरी), सोम सुसेली (इलाम), शंकर खरेल (विराटनगर), शेखर रेग्मी (विराटनगर), सचिन पोखेल (सुनसरी) रहेका छन्। यसैगरी भीम नेम्वाङ (झापा), उद्धव तिमसिना ( तेह्रथुम), नवीनबाबु राई (उदयपुर), चेतन धमाला (सुनसरी), लीलाबल्लभ घिमिरे (विराटनगर) र हिमा चेम्जोङ (धनकुटा) रहेको सल्लाकार समिति गठन गरिएको जनाइएको छ। (बाँकी ७ पृष्ठमा)

## देश चलाउन विदेशी ऋणकै भर !

सरकारले निर्माण व्यवसायी र दूध किसानको अर्बौं रुपियाँ भुक्तानी दिन सकेको छैन। अर्थ मन्त्रालयले तिनको भुक्तानी दिने भनेपनि राज्यको ढुकुटीमा पैसा छैन। निर्माण व्यवसायीको ६० अर्ब र दूध किसानको सात अब रुपियाँ भुक्तानी बाँकी छ। अर्थमन्त्री वर्षमान पुनले जसरी पनि तिनको रकम भुक्तानी गरिदिने भनेकोसुन्नमा आएको छ।

चाहे त्यो विदेशीसँग ऋण लिएरै किन नहोस् नेपाल पहिले नै विदेशी ऋणको चंगुलमा फसिसकेको छ। २७ खर्ब रुपियाँ सरकारले ऋण लिइसकेको छ। राजश्व नउठ्दा ऋण नै लिएर सरकार कर्मचारी पाल्ने, सरकारी खर्च धान्ने काम भइरहेको छ। सरकारले एकातिरबाट ऋण लिन्छ, अर्कोतिर साँवाब्याज तिर्छ।

यस्तो पाराले देश कसरी चल्छ ? प्रधानमन्त्री पुष्पकमल दाहाल र अर्थमन्त्री वर्षमान पुनलाई देश निजी सम्पत्तिजस्तो भएको छ। मनलाग्दी ऋण लिएको छ, खर्च गरेको छ। दाहाल र पुनलाई दूध किसान र निर्माण व्यवसायीले आफ्नो भुक्तानी गरिदिएमा माओवादीको कार्यकर्ता बन्ने भनेका छन्।

यसले माओवादीलाई त फाइदा

**प्रसङ्गवश**



**अनुषा थापा**

होला तर देशलाई त घाटा हो। २०४६ सालअघि नेपाललाई विदेशी ऋण थिएन। राजनीतिक दलहरुले मनलाग्दी ऋण लिँदा आज नेपाल ऋणकै दलदलमा फसेको छ। जहाँबाट उम्किन पनि महाभारत छ। नेताहरुले पञ्चायती व्यवस्था फालेर बहुदलीय व्यवस्था ल्याए।

त्यो व्यवस्था हटाएर लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था ल्याइयो। जुनसुकै व्यवस्था आएपनि जनताले के पाए त ? अहिले समग्र नेपालीले उठाएको प्रश्न हो यो। देशले ऋण उपहार पायो, जनताले वैदेशिक रोजगारी। युवा जति जम्मै विदेशी भूमिमा रगतपसिना बगाइरहेका छन्।

लोकतन्त्र गणतन्त्र कसको लागि रहेछ ? यो त पुष्टि नै भइसकेको छ। हिजो चप्पल लाउन नसक्ने नेताहरु महलमा बस्ने भए। सरकारी कर्मचारीले भ्रष्टाचार गर्ने थलो पाए। कार्यकर्ताहरुले चाप्लुसी गरेर कुनै न कुनै पद पाए। जनता हेरेको हेर्‍यै। भटाभटी ऋण त लिइरहेका छौं, तर चुक्ता गर्ने कसरी ? नेताहरुसँग भिजन छैन्।

जतापनि खाने नै खाने छन् तर राज्यको आम्दानी शून्य छ। वडाध्यक्षदेखि प्रमुख, सांसद, मन्त्री, प्रधानमन्त्री, राष्ट्रपति, बहाल र भूपू कर्मचारी सबैले तलबभत्ता खान्छन्। सरकारी सेवासुविधा लिन्छन्। अब सरकारले तिनलाई कसरी पाल्छ ? (बाँकी ७ पृष्ठमा)

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

सडक निर्माण गर्दा ठूलो धनराशी खर्च हुने भएकाले निर्माण सम्पन्न भइसकेको सडक संरचनामा प्रतिकुल असर पर्ने गरी देहायका कुनै पनि क्रियाकलाप नगरिदिनु हुन अनुरोध छ।

- सडकको मापदण्ड विपरित स्थायी संरचना घर टहरा आदि निर्माण नगरौं।
- सडक किनारमा निर्माण सामग्री नथुपारौं। सडक छेउको नालीमा फोहोर मैला नफालौं।
- सडकमा पानी, ढल आदिको निकास बन्द गरौं। सडक किनारमा निजी/व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं।
- सडक अतिक्रमण रोक्नु हरेक नगरिकको दायित्व हो। तसर्थ सडक अतिक्रमण नगरौं।

डिभिजन प्रमुख

सडक डिभिजन दमौली

# वित्तीय अधिकारको अभावमा संघीयता असफल

**श्यामप्रसाद मैनाली**

नेपाल यत्तिखेर संघीयतामय बनेको छ। देशभरका जिल्ला समन्वय समितिलाई गणना नगर्दा स्थानीय तह सात सय त्रिपन्न, प्रदेश सात र संघ एकसमेत गरी सात सय एकसठ्ठीवटा सरकार रहेका छन् । नेपालको करिब ३ करोड जनसंख्यालाई सुशासन प्रदान गर्न यति धेरै संख्याका सरकारले क्रियाशीलता दिइरहेका छन् । संघीयतालाई नेपालमा सबै समस्याको एकमुष्ट समाधानका रूपमा हेरिएको छ। विश्वभरको अभ्यास हेर्दा संघीयताको सैद्धान्तिक र व्यावहारिक पक्ष निरपेक्ष रूपमा मिलेको पाइँदैन। यसको सैद्धान्तिक पक्षलाई दृष्टिगत गर्दा यो आफैंमा लोकतन्त्रको अत्यन्त राम्रो र विकसित राजनीतिक प्रणालीका रूपमा संघीयता अवलम्बन गर्नेहरूले मान्दै आएका छन् ।

यसमा प्रत्येक स्तरका सरकार स्वतन्त्र हैसियत कायम गर्दै आपसी हित र जनताको भलाइका लागि समानान्तर रूपमा सरकारदेखि माथिल्लो स्तरका सरकारसँग समेत समन्वयकारी भूमिका निर्वाह गरिरहेका हुन्छन् । संघीयता एक प्रकारको शासन प्रणाली भएकाले यो आफैंमा साध्य नभई साधन वा माध्यमका रूपमा रहेको हुन्छ। यसले स्रोतसाधन सम्पन्न बनाई सबै क्षेत्रको सन्तुलित विकास गर्ने लक्ष्य राख्दछ। सबै प्रकारका असमानताको अन्त्य गर्ने लक्ष्यका साथ सबै सम्बन्धित जनतालाई समेटी आफ्ना'दयगत लिइने सबै प्रकारका निर्णय, सम्पादन हुन गइरहेका योजना, काम कारबाही सबैमा सहभागिता एवं क्रियाशीलताको सुनिश्चितता गर्दछ।

सुरक्षा सहअस्तित्व सम्मृद्धि, सन्निकटता, सहभागिता र समानुपातिक प्रतिनिधित्व आदिलाई आर्थिक, लोकतान्त्रिक र सहकारी गरी तीन वर्गमा हेर्ने गरिन्छ। सविधानबाटै सबै प्रकारका अधिकार सबै तहका सरकारले प्रयोग गर्न पाउने व्यवस्थाका लागि संविधान र कानुनमा उल्लेख भएका र प्रत्यायोजन गर्न सकिने कार्यबाहेक अन्यत्र उल्लेख नभएका कार्यहरू स्थानीय तहबाटै सञ्चालन गराइने, केन्द्रबाट हुन नसक्ने वा नचाहेका कार्यहरू तल्लो तहका सरकारलाई दिने, जनतानजिकैको सरकारबाट सम्भव भएसम्मका सबै कार्य गर्ने, सेवा प्रदान गर्ने, स्थानीय स्तरका सामाजिक एवं सामुदायिक संस्थालाई अधिकार दिई सशक्त बनाउने, माथिल्लो निकाय र तल्लो तहलाई स्रोतसाधन, जिम्मेवारी र क्षमता विकासमा निरन्तर सहयोग गर्ने अवस्था सिर्जना गर्ने, अधिकार र स्रोतसाधन स्थानीय तहबाट बाँडफाँट गर्दै क्रमशः प्रान्त तथा केन्द्र सरकारलाई सुम्पिने जस्ता सर्वमान्य सिद्धान्त निर्धारण गरिएको हुन्छ। त्यसैले संघीयता विभिन्न तहका सरकारबीच गरिने शक्तिको सन्तुलित विभाजनको व्यवस्थासँग सम्बन्धित हुन्छ। शासन सञ्चालनका विभिन्न आधारमध्येको एउटा आधार वा औजार संघीयता हो।

त्यसैले संघीयता परिवेशअनुकूल हुनुपर्छ। यसको कुशल व्यवस्थापनमा नै संघीयताको सफलता निर्भर गर्दछ। संविधानले नै स्वतन्त्रता प्रदान गर्ने भएकाले प्राप्त स्वतन्त्रताको उपयुक्त र प्रभावकारी हिसाबले उपयोग गर्न संस्थागत व्यवस्था र कानुनी प्रावधानको व्यवस्था गरी सबै प्रकारका अधिकारबाट सबै तहका अधिकार विशेषगरी जनतासँग सबैभन्दा नजिक रहेको सरकार अधिकार सम्पन्न र प्रभावकारी हुनुपर्छ भन्ने मान्यता राख्दछ। संघीयतामा सरकारलाई अधिकार प्रदान गर्दा स्रोतसाधनको अभाव नहोस् भनी पर्याप्त मात्रामा स्रोतसाधन जुटाइदिने र यसरी प्राप्त स्रोतसाधनका अतिरिक्त आफ्नै क्षमताको उपयोग गरी आन्तरिक स्रोत जुटाइ ती उपलब्ध स्रोतसाधनलाई स्थानीयस्तरका जनताको आवश्यकताअनुसार प्राथमिकीकरण गर्दै रकमको भरपुर सदुपयोग गरेर सार्वजनिक सेवाप्रवाह (विकास निर्माणका कार्यसमेत) गर्नुपर्छ।

यसका लागि माथिल्लो सरकारको स्वविवेकमा कुनै स्रोतसाधन र अधिकार प्राप्त गर्ने नभई अधिकारको रूपमा स्थापित गराउनु नै संघीयताको मूल मर्म हो। त्यसैले, वित्तीय अधिकार पर्याप्त मात्रामा सरकारलाई प्रदान गरिनुपर्छ। अन्यथा संघीयताको मर्मअनुरूप सरकारहरू परिचालित हुन सक्दैनन् । अर्को शब्दमा भन्नुपर्दा वित्तीय विकेन्द्रीकरण संघीयताको सफलताको मूल आधार हो।

वित्तीय संघीयता भनेको सबै तह र प्रकारका सरकारमा वित्तीय जिम्मेवारी प्रदान गर्नु हो। वित्तीय जिम्मेवारीका अधिकार प्रदान गर्नु र यसको विभाजनसमेत गर्नु हो। कर प्रशासनका सबै कार्य गर्ने, कर लगाउने, उठेको कर आवश्यकताअनुसार खर्च गर्ने, नियमन व्यवस्थापन एवं अनुगमन गर्ने, लेखा राख्ने, लेखा परीक्षण गराउने सबै कार्य समावेश भएको हुन्छ। यो केन्द्रीय सरकारले अन्य सरकारमाथि प्रभाव पार्ने मध्यम पनि हो। संघीय सरकारले केन्द्रीय ढुकुटीको विवरण तयार पारिएको पद्धति पनि हो। यस्तो रकमको वितरण गर्दा समावेशी सिद्धान्त एवं समतामूलक समाजको निर्माण गर्ने उद्देश्यले गर्नुपर्छ।

यसबाट बजारको अवस्थामा सुधार ल्याउन बजारको कमी कमजोरीलाई सुधार गर्दै प्रतिस्पर्धी बनाउने कार्य गरिन्छ। राज्यबाट संकलित सम्पूर्ण स्रोतसाधन अत्यधिक उपयोग गर्दै सम्पूर्ण जनतालाई समुचित न्याय प्रदान गर्ने अवधारणा पनि हो। देशभित्र मूल्य स्थिरता कायम राख्न उपयुक्त प्रकारको मौद्रिक र वित्तीय नीतिको निर्धारण गरी यी नीतिको कुशलतापूर्वक प्रयोग गर्न सहजीकरण गर्ने कार्यलाई वित्तीय संघीयताले सम्भव बनाउँदछ। सार्वजनिक हितको संवर्द्धन र प्रवर्द्धनको दीशामा यो परिचालित हुन्छ। जनतासँग प्रत्यक्ष सम्पर्कमा रही जनतासँगै अन्तरक्रिया र समन्वय गर्दै उनीहरूकै कल्याणका दिशामा अघि बढ्ने जनताको सबैभन्दा नजिकको सरकारलाई सशक्त बनाई सबै काम तल्लोस्तरको सरकारबाटै सञ्चालन गराउने प्रक्रिया हो। यसले निर्णय प्रक्रियामा अनावश्यक तह कम गराई सबै काम जनताकै सामुन्ने प्रत्यक्ष रूपमा सम्पादन गर्न मार्ग प्रशस्त गर्दछ। अन्तरसरकार प्रतिस्पर्धा र नयाँनयाँ तरिकाको अन्वेषण प्रयोग र सफल कार्यान्वयन गर्दै अघि बढ्दछ।

स्थानीय आवश्यकताको पहिचान गरी सोको परिपूर्त्तिका लागि पर्याप्त स्रोत र साधन प्राप्त हुनेगर्छ। स्रोत र साधनको वितरणात्मक उत्पादन दक्षतामा समेत सुधार आउँदछ। न्यूनतम लागतमा बढी सुविधा प्राप्त गर्न उपभोक्ता सचेत हुने वातावरण बन्दछ। यसलाई कार्यको विभाजन, राजस्व अधिकारको विभाजन, वित्त हस्तान्तरण र ऋण उठाउने अधिकारसमेत गरी चार वर्गमा व्यवस्थित गरिएको छ। सबै सरकारमा वित्तीय असन्तुलन कम गर्न, सेवामा एकरूपता कायम गर्न र संघीय सरकारको प्रभावकारिता बढाउन वित्तीय हस्तान्तरणलाई संघीयातामा महत्त्वपूर्ण मानिँदै आएको छ।

यस सम्बन्धमा नेपालमा भएका व्यवस्था'दयगत छलफल गरौं। नेपालको संविधानको अनुसूची पाँचदेखि नौसम्म प्रत्येक तहका सरकारले गर्ने कार्य, अधिकार, एकभन्दा बढी तहका सरकारबीच साझा जिम्मेवारी तोकिदिएको छ। प्राकृतिक स्रोतसाधनको विभाजनमा एकभन्दा बढी सरकारसँग सम्बन्धित देखिएमा त्यसको निरूपण गर्ने संस्थागत व्यवस्था छ। अवशिष्ट अधिकार केन्द्रमा राखिएको छ। नेपालको संविधान र अन्य कानुनी प्रावधानअनुरूप प्रदेश सरकार र स्थानीय तहले कार्य सञ्चालन गर्नुपर्ने र स्थानीय तहले प्रदेशको विधान र अन्य कानुनी आधारमा समेत सरकार सञ्चालन गर्नुपर्ने, स्रोतसाधनको वितरण न्यायोचित प्रकारले गर्नुपर्ने, यी कार्य गर्दा वित्तीय आयोगको सिफारिस र सुझावअनुरूप गर्नुपर्ने, केन्द्र र प्रदेशले वित्तीय समान्यीकरण अनुदान दिने, पूर्वाधार विकास गर्न र आयोजनाको कार्यान्वयन गर्न समपूरक अनुदान दिने, आधारभूत सेवा, सन्तुलित विकास र समन्याय प्रदान गर्न विशेष अनुदान दिने, २५ वर्षको अवधिभित्र चुक्ता गर्ने सर्तमा सम्बन्धित सभाको निर्णय गरी पुँजीगत कार्य, उत्पादनशील कार्य, आन्तरिक आय वृद्धि र रोजगारका अवसर प्रदान गर्न स्थानीय ऋण लिन सकिने, वित्तीय आयोग र केन्द्रीय सरकारको स्वीकृति लिई केन्द्र र प्रदेशले ऋणपत्र जारी गर्नसक्ने प्रावधानहरू छन् ।

आफ्नो आयको १० प्रतिशतसम्म पुँजी निर्माण र दीर्घकालीन लाभका क्षेत्रमा खर्च गर्नेगरी ऋण उठाउन पाउने प्रावधान छ। स्थानीय तहले आफ्नो वित्तीय स्रोतका रूपमा वित्तीय समान्यीकरण, ससर्त, समपूरक र विशेषगरी चार प्रकारका अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, प्राकृतिक स्रोत साधनबाट प्राप्त हुने रोयल्टी, लगानीबाट प्राप्त रकम, आन्तरिक राजस्व परिचालन, केन्द्रको पूर्वस्वीकृति लिई वैदेशिक सहायता र ऋणस्वरूप प्राप्त रकम तथा आन्तरिक ऋणबाट प्राप्तसमेत गरी सबै रकमको सही उपयोग स्थानीय तह आफैंले गर्नसक्ने व्यवस्था छ। यस प्रकार नेपालको संविधानले सबै प्रकारका सरकारलाई सबै प्रकारका अधिकार ( वित्तीय अधिकारसहित) पूर्णरूपमा प्रदान गरिएको छ।

तर, नेपालमा वित्तीय विकेन्द्रीकरणको पक्ष सहज देखिँदैन। स्रोतसाधन र विकासका गतिको हिसाबले विभिन्न सरकारमा ठूलो भिन्नता पाइन्छ। देशभित्र ६ जिल्लाबाट २५ प्रतिशत राजस्व संकलन भई बाँकी ७१ जिल्लामा १५ प्रतिशत मात्र उठ्ने अवस्था छ। यसले संघीयाताको मूल्यमान्यता र सिद्धान्तलाई दृष्टिगत गर्दै पछि परेका क्षेत्रमा बढी रकम उपलब्ध गराउनुपर्ने अवस्था छ। तर, यसमा केन्द्रीय सरकार प्रतिबद्ध देखिएको छैन। आव २०७५/७६ को बजेटमा कोशी प्रदेशलाई करिब १६ अर्ब र कर्णाली प्रदेशलाई करिब १३ अर्ब विनियोजन हुनुले यस तथ्यलाई पुष्टि गरेको छ।

संविधानमा भएको प्रावधानअनुसारको बजेट स्थानीय र प्रदेशलाई उपलब्ध भएपश्चात् त्यसको योजना गरी खर्च गर्ने जिम्मेवारी र जवाफदेहीता सम्बन्धित सरकारमा रहन्छ। तर, केन्द्रले बजेट पठाउँदा अख्तियारी दिने गरेको छ। यसको अर्थ हुन्छ, केन्द्रले पठाएको रकमको जवाफदेहीता केन्द्रीय सरकारकै हो। केन्द्रकै निर्देशनअनुरूप खर्च गर्न अन्य सरकारलाई बाध्य बनाइएको छ। यस्तो अभ्यास एकात्मक शासनमा समेत आलोचित हुन्छ। त्यसैले केन्द्रीय सरकार संघीयताको पूर्णरूपमा कार्यान्वयन गर्न मानसिक रूपमा तयार भएको छैन। दुरुपयोग भएमा जनतासमक्ष त्यसको जिम्मेवारी सम्बन्धित सरकारले लिने कुरालाई केन्द्रले आत्मसात् गरेको छैन। यो प्रक्रिया संविधानसँग मेल खाँदैन। वित्तीय जोखिम र अनुशासनको पक्ष अझै पेचिलो छ। स्रोतको गलत प्रयोग हुने सम्भावना प्रबल छ। स्रोतसाधनको संग्रह बढी हुने निकायमा भ्रष्टाचार ज्यादा हुनेगरेको छ।

जनप्रतिनिधिमा संघीय शासनको सामान्य ज्ञानको अभाव मात्र होइन जनताबाट निर्वाचित हुनु नै आफू सर्वज्ञ भएको भन्ने मनोदशाले पक्कड जमाएको छ। यी कारणहरूले गर्दा नेपालका विभिन्न प्रकारका सरकार भ्रष्टाचारमा निर्लिप्त हुने सम्भावनासमेत प्रवल देखिँदै छ। यी सबै अवस्थाले गर्दा नेपालमा संघीयताको कार्यान्वयन अत्यन्त संवेदनशील बन्दै गएको छ। यसमा सम्बन्धित सबै पक्ष गम्भीर नहुँदाको अवस्थामा अल्पअवधिमा नै संघीयताप्रति जनताको धारणा नकारात्मक बन्न सक्दछ।

यस अर्थमा देश प्रयोगशालामा परिणत हुने सम्भावना पनि देखिन्छ। तर, पनि हामीले संघीयतालाई स्वीकार गरी कार्यान्वयनमा प्रवेश गरिसकेकाले वित्तीय विकेन्द्रीकरणलाई अत्यधिक प्राथमिकतामा राख्नुपर्छ। यसको अभावमा अघि बढेको संघीयता असफल हुनेमा कुनै सन्देह रहँदैन।

# सांसद डा शर्माद्वारा बाल अस्पताललाई सहयोग

काठमाडौं। प्रतिनिधिसभा सदस्य तथा व्यवसायी डा. सुनील शर्माले वरिष्ठ मुटुरोग विशेषज्ञ डा भगवान कोइरालाको अगुवाइमा निर्माण हुन लागेको बाल अस्पताललाई रु २० लाख सहयोग गरेका छन्।

शर्माले हिजो हेपाली हाइटमा रहेको डा भगवान कोइरालाको निर्माणाधीन अस्पताल काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ ( कियोच) मा पुगेर सो सहयोग गरेका छन्। रकम हस्तान्तरण गर्दै डा शर्माले राज्यले गर्नुपर्ने काम डा कोइरालाले आफैं गर्न लागेको देखेर कोइरालाको सम्मानस्वरुप आफूले सो सहयोग उपलब्ध गराएको बताए।

डा कोइराला अध्यक्ष रहेको ( कियोच) ले काठमाडौंसँगै सातै प्रदेशमा विशिष्टीकृत बाल अस्पताल निर्माण





परियोजना अगाडि बढाएको छ। गैरनाफामूलक अस्पताल स्थापना गर्ने लक्ष्य लिएको कियोचको दमकमा भने निर्माण सम्पन्न भई अस्पतालले सेवा सुरु गरिसकेको छ।

कियोचले राजधानी काठमाडौंमा एक सय शैयाको अस्पताल निर्माण गर्नेछ। त्यसपछि सातवटै प्रदेशमा ५० शैयूयाको अस्पताल स्थापना गर्ने डा कोइरालाले जानकारी दिए।

# सिद्धार्थ बैंकद्वारा क्यालेन्डर सार्वजनिक

काठमाडौं। सिद्धार्थ बैंक लिमिटेडले नेपालको पर्यटनमा सहयोग पुर्‍याउने उद्देश्यका साथ २०८१ सालको क्यालेन्डर सार्वजनिक गरेको छ। क्यालेन्डरको मुख्य विषयवस्तु 'नेपालको कम परिचित पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन' को साथै सो गन्तव्यहरूमा जिम्मेवार पूर्वक अन्वेषण गर्नु रहेको छ।

बैंकले यस क्यालेन्डरको माध्यमबाट नेपालको सातै प्रदेशमा अवस्थित कम परिचित तर आकर्षक पर्यटकीय स्थलहरूको प्रवर्द्धन गर्ने प्रयास गरेको छ।




क्यालेन्डरमा सोलुखुम्बु जिल्लामा अवस्थित दूधकुण्ड, पर्सा जिल्लामा अवस्थित घडिअर्वा पोखरी, दोलखा जिल्लामा अवस्थित सैलुङ्ग र छो रोल्पा ताल, सिन्धुपाल्चोक जिल्लामा अवस्थित पाँच पोखरी, लम्जुङ्ग जिल्लामा अवस्थित भुजुङ्ग गाउँ, मनाङ्ग जिल्लामा अवस्थित नार फु उपत्यका, पूर्वी रुकुम जिल्लामा अवस्थित टकसेरा गाउँ, सल्यान जिल्लामा अवस्थित कुपिन्डे ताल, डोल्पा जिल्लामा अवस्थित अपर डोल्पा, बाजुरा जिल्लामा अवस्थित बडिमालिका र कञ्चनपुर जिल्लामा अवस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज जस्ता मनमोहक पर्यटकीय गन्तव्यहरू समावेश गरिएको छ, जसले नेपालको प्राकृतिक र पुरातात्त्विक सौन्दर्यतालाई उजागर गर्दछ।

बैंकको यस प्रयासले आन्तरिक तथा विदेशी पर्यटकहरूलाई नेपालका अति आकर्षक तर कम पहिचानमा रहेका पर्यटकीय गन्तव्यहरूको भ्रमण गरी पृथक् अनुभव प्राप्त गर्न उत्प्रेरित गर्नुका साथै नेपालको पर्यटन उद्योगको प्रवर्द्धनमा सहयोग पुर्‍याउने बैंकले विश्वास लिएको छ।

# कुमारी स्मार्टबाट मुद्धती खाता खोल्दा अतिरिक्त ब्याज पाइने

काठमाडौं। कुमारी स्मार्टबाट मुद्धती खाता खोल्दा अतिरिक्त ब्याज पाइने भएको छ। नेपालीहरुको नयाँ वर्ष २०८१ को शुभ अवसरमा कुमारी बैंकका ग्राहकहरुले



मोबाइल बैंकिङ्ग एप 'कुमारी स्मार्ट' मार्फत मुद्धती खाता खोलेमा प्रकाशित गरिएको ब्याज दरमा थप ०.१५ प्रतिशत ब्याज पाउन सक्नेछन्। साथै कुमारी स्मार्ट एपमार्फत आफ्नो मुद्दतिखातामा भएको रकमबाट कर्जा लिदा ०.२५ प्रतिशत छुट प्रदान गरिनेछ।

ग्राहकहरुको समयको महत्वलाई मध्यनजर गर्दै सो सेवा कुमारी स्मार्ट मार्फत घरमै बसेर संसारको जुनै कुनाबाट पनि तुरुन्तै लिन सकिने छ। यस्तो प्रकारको मुद्धती खाता खोल्नको लागी र मुद्धती रसिदको धितोमा कर्जा उपभोग गर्न कुनै पनि किसिमको कागजी प्रकृयाहरु नचाहिने र मोबाइल बैंकिङ्ग एप मार्फत यो सुविधा चौबिसै घण्टा उपलब्ध रहने व्यहोरा बैंकले सार्वजनिक गरेको छ। कुमारी बैंकले पछिल्लो समयमा यस प्रकारका धेरै डिजिटल सुविधाहरु उपलब्ध गराउँदै आएको छ जसले नेपालको बैंकिङ्ग तथा डिजिटल क्षेत्र प्रबर्धन गर्न ठुलो योगदान पुर्याएको छ।

INTERNATIONAL CHILDREN'S LITERATURE CONFERENCE-2024
अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन-२०८१

First International Conference on Children's Literature

September 20-22, 2024
Kathmandu

Organized by:
Nepal Academy
&
Nepalese Society for Children's Literature (NeSChiL)

Special Features
☐ Seminar Paper Presentation
☐ Panel Discussions
☐ Book Exhibition
☐ 'Meet the Author' Program
☐ Art Exhibition
☐ Cultural Performances
☐ Storytelling



Please register yourself. The first hundred entries from Nepal will be entertained on priority basis.

International delegates will be especially contacted by the organizers.

For registering, please log in to www.nepalbalsahitya.org.np


कौशलकुमार भट्टराई


कृष्ण लम्साल


पिएमणि भट्टराई


हरि शरण जमकटेल

प्रधान–सम्पादक/प्रकाशक : **कौशल कुमार भट्टराई (९८५११३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
बजार व्यवस्थापक: देवराज आचार्य (९८४८७४२६५८)
सल्लाहकार : टीका योगी
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौँ–कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

# पुरानै तुष बोकेर जन्मिएको नयाँ गठबन्धन

**नरेन्द्रजंग पिटर**

*दुस्मनी जम कर करो,*
*लेकिन ये गुंजाइश रहे,*
*जब कभी हम दोस्त हो जाएँ तो शर्मिंदा न हों ।*

*– बशीर बद्र*

नयाँ सरकार गठनसँगै सहमतिका नयाँ अभ्यास हुँदै छन् । सरकारले ३० फागुनमा विश्वासको मत लिँदै छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले १४ महिनायता यो तेस्रोपटक विश्वासको मत लिन थालेका हुन्। परिस्थितिले अहंकार तोड्छ। 'सहकार्य र सहअस्तित्वका आधारमा अघि बढ्ने भनेर एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा एसका अध्यक्ष माधव नेपालबीच फेरि संवाद र सम्बन्ध सुरु भए। कांग्रेसविरुद्धको प्रतिक्रियाले पार्टीहरूबीच गठबन्धन त गरायो तर धरमरमै छ। नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले प्रचण्डलाई 'धोकेबाज र बेइमान' तल ओर्लेर गाली महात्म्य दोहोऱ्याएनन्। त्यो नै पनि नेपाली राजनीतिमा विरलै भेटिने दुर्लभ धैर्यता र संयमता मान्नुपरेको छ।

एमाले र माओवादी दुवै 'कम्युनिस्ट' झण्डा बोक्ने पार्टी भए पनि गल्फ अफ अलास्का अर्थात् एट्लान्टिक र प्रशान्त महासागरको मिलन विन्दुजस्तै छन्। भेटिन्छन्, तर अन्तरघुलन भने हुँदैनन्। दुई धाराहरू भेटिएर गल्फ अफ अलास्का बने पनि सतहमा भने खैरो र हरियो रङको पानी नै देखिन्छ। नेपाली बाम गठबन्धन वा पार्टी मिलन यस्तैयस्तै भएका छन्। सँगसँगै भएर पनि एकाकार हुन नसक्ने र चाहिनेभन्दा ज्यादा 'कम्युनिस्ट' एकताका पाल्सी कुरामा रमाउने प्रवृत्ति देखियो। सहकार्य छुट्यो कि गाली सुरु। स्वार्थमा मिल्ने र छुट्ने बानी परेका नेताका लागि ती सबै सामान्य भइसके, तर कार्यकर्ता भने तरंग भुल्नै सक्दैनन्।

सांस्कृतिक सामन्तवादले राजनीतिक चरित्र अहंकारी बनाउँछ। सिद्धान्तको राजनीति सुविधाको राजनीतिमा फेरिएपछि कुन बेला मित्र र विरोधीको कित्ता फेरिने हो ? गाली मित्रवाणी बन्ने हो, पत्तै हुँदैन। अझ बेस्ट मिनिस्टर प्रणालीको संसदीय व्यवस्थामा विचार, आदर्श र न्यूनतम योजना, उद्देश्य र प्रतिबद्धताले भन्दा पनि संसदको गणितले महत्त्व राख्छ। त्यसैले सरकार बन्ने र भत्किने गर्छ। शक्ति र स्वार्थमा हेरफेर भइरहन्छ। त्यसैले साना पार्टी र दामलीको पनि महत्व बढ्न जान्छ। त्यतिबेला भावनाले राजनीति चल्दैन।

**नयाँ गठबन्धनका कारण**

आवश्यकताका सिद्धान्त नै चुत्थो विकल्प भएकाले पुराना आक्रामक गाली फुच्चे भए। कांग्रेस महाधिवेशनमा आफ्नै नेतृत्वको सरकार होस् भन्ने देउवाको चाहना थियो। त्यो सुविधा पार्टीभित्रको प्रतिपक्षले दिन चाहँदैनथ्यो। कांग्रेसमै 'महारानी' आतंक झन् चर्को थियो। तब ऐतिहासिक रेकर्ड बनाउने देउवाको ज्योतिषी भविष्यवाणीले तत्कालका लागि काम गरेन।

संविधानकै आधारभूत प्रस्थापनाको कांग्रेस महासमितिले विरोध गऱ्यो। सरकारभन्दा महासरकारले मण्डिखाटारबाट हुकुम चलाउन थाल्यो। प्रधानमन्त्री प्रचण्डलाई शान्ति सम्झौताको मूल पाटो टीआरसी कसैगरी पास गराउनुपर्ने बाध्यता थियो । त्यसैले भने, 'मलाई उपयोग गर्न खोजियो भने म लात्तीले हानेर उम्किन्छु।' त्यो पुरानो साझेदारलाई मात्रै नभई आउँदा दिनको संकेत र सन्देश पनि थियो। त्यसैले मुख्य सहयोगी दल झस्कियो। एमालेले मन्त्रीमण्डलमा तेस्रो तहका नेताहरूलाई मात्र सामेल गराएर प्रधानमन्त्रीलाई सन्देश दिएको देखिन्छ। गठबन्धन बन्नुअघि अध्यक्ष ओलीले भनेको 'खरानीको डल्लो कुनै पनि बेला फुट्न सक्छ' नयाँ गठबन्धनका लागि पनि सन्देशमूलक छ। त्यसैले सरकारको नयाँ यात्रा आशंका लिएरै सुरु भएको छ।

जीवनजस्तै राजनीतिमा पनि हुने र देखिने कुरा फरक हुन्छन्। फेरिरहने घटनाका दृश्यबारे कार्ल मार्क्सले भनेका छन्, 'पहिलोपटक घटना त्रासदीका रूपमा हुन्छ भने अर्कोपटक प्रहसनको रूपमा।' एमाले-माओवादीको एकता र विभाजन पनि त्यस्तै अर्को प्रहसन बन्न सक्छ।

**जुट्नै थियो भने किन फुटेको ?**

शक्तिमा पुगेपछि हिजोका वाचा कसैले सम्झँदैन। शक्तिमा पुगेपछि टिकिरहन चाहनु र बाहिरिएकाहरू शक्तिमा जान चाहनु सामान्य हो। त्यस क्रममा हुने सम्झौता र सहमति बन्ने र भत्कने गर्छन्। राजनीतिमा हुने सम्झौता भद्र सहमति हुँदैन। समयक्रममा ती उहिलेका कुरा खुइले बन्न पुग्छन्। उधारो सम्झौता, नगदका सामुन्ने थोत्रा तमसुक बनेर च्यातिन्छन्। डबल नेकपा बन्दा एकले अर्कालाई पचाइदिन्छु भन्ने अध्यक्ष ओली र अध्यक्ष प्रचण्ड दुवैको सोच थियो। विकसित परिस्थितिलाई आफ्नो अनुकूल पार्छु भन्नेमा दुवै विश्वस्त थिए। डबल नेकपामा हिजो एमाले अध्यक्ष ओलीले पुराना सहमति सम्झेनन्, २०७९ मा प्रचण्डले उसैगरी १० पुसका वाचाबन्धन तोडे।

तर्कका मात्रै होइन, कुतर्कका पनि आधार हुन्छन्। सबैका आआफ्ना कमजोरी हुन्छन। तृष्णा सबभन्दा ठूलो कमजोरी बन्छ। विरोधीले त्यसलाई नियालेर धराप थाप्ने योजना बनाइरहेका हुन्छन्। मौकामा चौका हानेर अक्करमा ठक्कर दिँदै तिरीमिरी झ्याइँ बनाउँदै मर्माहत बनाउँछन्। शक्तिखेलमा हिजोको आदर्श नभई भोलिको ख्याल गरिन्छ। संसदीय गणितीय खेल अङ्ककेन्द्रित हुन्छ। मित्र र विरोधी साँध फेरिनुलाई नै राजनीतिक खेल मानिन्छ। त्यसैले समयसँगै तर्क र साझेदार पनि फेरिन्छन्।

आजको दिनमा पार्टीको रूपमा नेपाली कांग्रेस मात्रै छ। एमाले, माओवादी, जनता समाजवादी पार्टी ( जसपा) र राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) चारै पार्टीका अध्यक्षको राजनीतिक जिम्वाली हुकुमीतन्त्रमा झैँ चल्छन्। नेतृत्वका हरेक निर्णय आदेश बन्छन्। स्वीकार्नुभन्दा नेता-कार्यकर्तालाई सहमति जनाउनेबाहेक कुनै विकल्प हुँदैन। त्यसमा प्राज्ञिकसभा भनिने राष्ट्रियसभाको चुनाव नियाले पुग्छ।

पार्टीहरू आफ्ना योग्यता, क्षमता र लोकप्रियताभन्दा विरोधीका कमजोरी र नालायकीमै आफ्ना अस्तित्व धानिराखेका छन। कार्यकर्ता भक्तराम बन्दा त्यस्तो सुविधा मिलेको हो। समीकरण बन्नु र भत्किनुमा सत्ता भएन भने केही हुँदैन भनेर कार्यकर्ताको मनोभावले काम गरेको छ। त्यसैले मिसन २०८४ मा जुटेका पार्टीका आन्तरिक र बाहिरी समस्याले नयाँ गठबन्धन बनाउन दबाब सिर्जना गऱ्यो।

**पार्टीहरूका समस्या र भयको राजनीति**

भयको राजनीतिलाई शंका र भ्रम सबैभन्दा खतराका विषय हुन्। मिसन २०८४ का लागि गठबन्धन सरकार चुत्थो विकल्प बन्यो। देउवालाई कांग्रेस सभापतिमा निरन्तरता नदिन पार्टी प्रतिपक्षको लक्ष्य सफल भयो। अहङ्कारको संस्कृतिले सगोलको डबल नेकपा फुटेको थियो। एकता र विभाजनमा माधव नेपाल केन्द्रीय कारक बनेका थिए। अध्यक्ष ओलीले चाहेजस्तो परिणाम निकाल्न र जोगाउन सकेनन्। ओलीलाई नेपाललाई ध्वस्त गर्ने कुनै मौका नचुकाए पनि संसदीय अङ्क गणितले भने निर्णय फेर्न बाध्य बनायो ।

अध्यक्ष ओली र नेपालको निकटता बाध्यताले घँचेटेर भएको हो। अझ अध्यक्ष ओलीलाई गिरीबन्धु टि स्टेटको अनुसन्धान हुने भय थियो। अख्तियारका प्रेम राईलाई कसैगरी जोगाएर हित साधना गर्नु उनको अर्को पक्ष हो। सुनले माओवादीलाई लघारिरहेका छन्। त्यसको लहरो धेरै परसम्म पुग्नेवाला छ।

दबाब र तनावमा रहेका रवि लामिछाने लोकप्रियताको शिखरमा पहिलेजस्तो अवस्थामा रहेनन्। विकल्पको खोजी र मूलधारको राजनीतिसँग वाक्क भएर प्रतिक्रियामा संचालित समर्थकहरू रविको नाङ्गो यथार्थले उनीप्रतिको आस्थाको भ्रम टुटिसकेको छ। अन्य मुद्दा त सक्रिय थिए नै, सर्वसाधारणसँग जोडिएको सहकारी प्रकरणले उनलाई लघारिरहेको छ। सोही आतङ्कले अर्थशास्त्री स्वर्णिम वाग्लेलाई उनले अर्थमन्त्रीमा अघि सारेनन्। राजनीतिले कसरी न्याय व्यवस्थामा प्रभाव पार्छ र हित अनुकूलको न्यायिक फैसला गराउन सिकिन्छ भनेर भुटानी शरणार्थी प्रकरण र ललिता निवास प्रकरण, बालकृष्ण खाँण र लक्ष्मी कोइरी साटासाट न्यायिक व्यवस्थापन बुझेका चतुर लामिछानेलाई प्रेरक बन्यो। अहिले पनि आसन्न संकटमोचक पद बन्न सक्छ भन्नेमा उनी विश्वस्त भए।

महन्थ ठाकुर र राजेन्द्र महतोलाई कुनै भाउ नदिए पनि मधेशलाई जिमिदारी सोच्ने जनता समाजवादी पार्टी (जसपा) उपेन्द्र यादवलाई सीके राउतको हस्तक्षेपले भने तिलमिलाइदियो। सरकारको बहुमत पक्का देखेपछि मधेश प्रदेश सुरक्षित गराउन नयाँ गठबन्धनमा सामेल भए।

प्रतिष्ठा र अभिजात तप्काप्रतिको घृणाले भिडलाई उत्तेजित पारेर सत्ता हिस्सेदार बनेका रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टी अहिले श्रीमान्–श्रीमतीको घर झगडामा अल्झियो। सहमति तोडिनुका पत्यारिला तर्क र नयाँ सहमतिका आधार प्रस्ट नभई बनेको नयाँ गठबन्धन भयको राजनीतिमा केन्द्रित छ।

**सबैका आआ□ना बाध्यता, तर्क र योजना छन्**

संसदीय व्यवस्थामा गठबन्धन बन्छन् र भत्कन्छन्। तर, त्यसका कारण भने हुन्छन्। प्रतिक्रियाले नभई न्यूनतम साझा कार्यक्रम साझेदारबीच हुनु आवश्यक छ। डरका कारण बनेका गठबन्धनहरूमा सबभन्दा ठूलो संकट विश्वासको आतंक बन्छ। नयाँ सम्झौता, सहमति र सहकार्य गर्ने हिजोका भूमिका ख्याल गरिँदैन। बाध्यताले घँचेटेपछि राजनीतिमा आफ्नै मान्यताको विपक्षमा उभिनु स्वाभाविक हुन्छ। तर्क उमार्न सकिन्छ तर वास्तविकता र नांगो वास्तविकतामा भने फरक हुन्छ। सहमति भए पनि तिमी तिम्रो तरिकाले लड, हामी हाम्रो तरिकाले भिड्छौँ भन्ने मूल कार्ययोजना बनेको छ। भय र प्रतिक्रियाले संचालित पार्टी र नेतृत्वहरू शक्ति र सत्ता गुमेपछि हुने डरले सत्ताकेन्द्रित राजनीतिको मात्र ध्याउन्नमा हुन्छन्। तर गुमेको विश्वास पुनः प्राप्त कसरी गर्ने भन्नेमा भने उनीहरूको ध्यान जाँदैन। के नेपाली राजनीतिमा गठबन्धन संस्कृतिले विश्वासको पुन:प्राप्ति गर्न सक्ला ? कि यस्तै अस्तव्यस्त भइरहला ?

## सम्पादकीय

# शिक्षालाई राजनीतिमुक्त गरौं

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले आफू र आफ्नो दलका तर्फबाट विश्वविद्यालयहरूमा कुनै हस्तक्षेप नहुने भनेको कुरालाई सकारात्मक रुपमा लिइएको छ। विश्वविद्यालयमा प्राज्ञिकता र योग्यताक्रमअनुसार नियुक्तिक्रमलाई निरन्तरता दिन आफूले विज्ञहरुको सुझाव लिन थालेको बताएकी छिन्। उनले शिक्षाविद् केदारभक्त माथेमासहित विज्ञहरूको सुझाव लिँदै आफू विश्वविद्यालयहरूको पदेन सहकुलपति भए पनि कुनै पनि किसिमको दबाब नदिने जानकारी गराइन्। उनले उपकुलपति वा पदाधिकारीलाई आफू वा आफ्नो दलका मान्छेलाई नियुक्ति दिनु वा यस्तो काम गरिदिनु भनेर नभन्ने भनी प्रतिबद्धता समेत जनाएकी छिन्। उनले अन्य दलका शीर्ष नेताहरूलाई हस्तक्षेप नगर्न आग्रह समेत गरेकी छिन्।

शिक्षाविद्हरूले त्रिभुवन विश्वविद्यालयको शिक्षाध्यक्ष र रजिष्ट्रारमा दलीय भागबण्डाका आधारमा नभई खुला प्रतिस्पर्धाका आधारमा नियुक्त गराएको कुरालाई सकारात्मक रुपमा लिएका छन् ।विश्वविद्यालयको सेवा आयोगका सदस्यहरूको नियुक्तिमा पनि प्रतिस्पर्धाका आधारमा नियुक्ति गरिने र उक्त छनोट प्रक्रियामा आफू संलग्न नहुने भनी शिक्षामन्त्रीले स्पष्ट गरेकी छिन्। उनले विद्यमान कानूनले कर्मचारी र शिक्षकलाई राजनीतिक दलको सदस्य बस्न नमिल्ने भएको कुरालाई अहिले उठाएकी छिन्। त्यसको विरुद्धमा शिक्षकहरु राजनीतिक दलको सदस्य बनेको वा कुनै समितिमा बसेको पाइएमा कारबाही गर्न आफू कटिबद्ध रहेको बताएकी छिन्।

शिक्षामन्त्रीले भनेको कुरा व्यवहारमा देखिने हो कि होइन भन्ने प्रमुख अवस्था अहिले आएको छ। शिक्षामन्त्रीको रुपमा भर्खरै आएकी श्रेष्ठले साँच्चै नै आफूले भनेका कुरा व्यवहारमा उतार्न सकिन् भने नेपालको शिक्षाक्षेत्रमा सुधार हुने अवस्था देखिन्छ। विश्वमा शिक्षकलाई अब्बल रुपमा हेर्ने गरिन्छ। त्यसरी हेरिनुमा उनीहरुको कारण विद्यार्थी वा साना बालबालिकामा राम्रो प्रभाव र नैतिकताको शिक्षा त्यो शिक्षकले विद्यार्थीमार्फत मुलुकलाई नै दिन्छ भन्ने हो। यस्तो कुरालाई ख्याल गरी शिक्षकहरुलाई राजनीतिभन्दा बाहिर राखेर हेर्ने गरिन्छ। त्यसको विपरित अवस्था नेपालमा भने देखिने गरेको छ। नेपालमा त प्रमुख राजनीतिक दलहरुको भातृसंस्थाका रुपमा शिक्षकहरु विभक्त हुने गरेका छन्। दलैपिच्छेका भातृसंस्थाका रुपमा शिक्षकहरुको संघसंगठन देखिएका छन्। यसरी विशुद्ध शिक्षामात्र दिनुपर्ने शिक्षकहरु राजनीतिक दलका कार्यकर्ताको रुपमा खुल्ला रुपमा देखापर्नु कुनै पनि हालतमा राम्रो कार्य होइन। शिक्षा क्षेत्रलाई राजनीतिभन्दा बाहिर राख्न सकिएको खण्डमा मात्र निष्पक्षता तथा सही शिक्षाको कुरा हुन सक्छ। त्यसैले शिक्षामन्त्रीको यो कुरालाई सबैले सकारात्मक रुपमा लिई राम्रो कार्य गर्नका लागि सहयोग गर्नु आवश्यक छ।

# राष्ट्रियसभामा शाक्य मनोनीत

काठमाडौं। राष्ट्रियसभाको सदस्यमा डा. अन्जान शाक्यलाई मनोनीत गरिएको छ।

मन्त्रिपरिषद्को सिफारिसका आधारमा हिजो बिहीबार राष्ट्रपति रामचन्द्र पौडेलले शाक्यलाई मनोनीत गरेका हुन् ।मन्त्रिपरिषद्को बैठकले शाक्यलाई मनोनीतका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको अवस्थामा उनलाई मनोनीत गर्ने कार्य भएको हो।

५९ सदस्यीय राष्ट्रियसभामा तीनजना मन्त्रिपरिषद्को सिफारिसका आधारमा राष्ट्रपतिले मनोनीत गर्ने व्यवस्था छ। नेकपा (एमाले) को विदेश विभाग सदस्य शाक्यसँग इजरायलका लागि नेपाली राजदूत भै कार्य गरिसकेको अनुभव छ।


# पूर्वमुख्यसचिव शाक्यको निधन

ललितपुर/ पूर्वमुख्यसचिव तीर्थमान शाक्यको बुधबार ललितपुरमा निधन भएको छ। शाक्यको अर्बुद (क्यान्सर) रोगको उपचारका क्रममा ललितपुरको ग्वार्कोस्थित बिएण्डबी अस्पतालमा निधन भएको परिवारजनले जानकारी दिएका हुन्। लोकसेवा आयोगका पूर्वअध्यक्ष समेत रहेका शाक्य ८१ वर्षको उमेरमा परलोक हुन पुगेका हुन्।

नेपाल कानुन समाजका अध्यक्षसमेत रहेका उनी डेढ महिनाअघि मात्र भारतको दिल्लीमा स्वास्थ्य परीक्षण गरी फर्किएका थिए ।स्व. शाक्यका दुई छोरी र दुई छोरा छन् भने श्रीमतीको करिब तीन महिनाअघि निधन भएको थियो। शाक्य दम्पत्तिको निधन एक वर्ष नपुग्दैको अवधिमा हुँदा परिवारजनमा थप वेदना परेको बताइएको छ।

# अधिवक्ता भट्टराईलाई मातृशोक

भक्तपुर/ भक्तपुरको कटुन्जेमा हाल बसोबास गर्दै आएका अधिवक्ता लेखनाथ भट्टराईलाई मातृशोक परेको छ। अधिवक्ता भट्टराईकी ममतामयी माता नर्वदादेवी भट्टराईको विहीबार विहान करिब चार बजे ९२ वर्षको उमेरमा निधन भएको हो।



आफ्नै निवासमा बुढ्यौली अवस्थाको जीवन व्यतित गर्दै आएकी स्व.भट्टराईको पार्थीव शरिरलाई काठमाडौंस्थित पशुपतिनाथ मन्दिर परिसरमा रहेको आर्यघाटमा धार्मिक विधिअनुसार अन्तिम संस्कार गरिएको थियो। स्व.भट्टराईका कान्छा छोरा रामेश्वर (रमेश) भट्टराई हाल अमेरिकामा बस्दै आएकाले जेठा छोरा अधिवक्ता लेखनाथ भट्टराईले दागबत्ती दिएका थिए।

हाल भक्तपुरको कटुन्जेमा बसोबास गर्दै आएको भट्टराई परिवार सुनसरीको इनरुवाबाट बसाईसराई गरी आएको हो। सुनसरीभन्दाअघि खोटाङको लामीडाँडामा थातथलो रहेका भट्टराई परिवारमा स्व.भट्टराईको बिहेबारी भएको बताइएको छ। स्व.भट्टराईका वृन्दा भट्टराई र अनिता भट्टराई कुलबधूका रुपमा रहेका बताइएको छ। कान्छा छोरा रामेश्वर (रमेश) भोलि शनिबार नेपाल आई स्व.माताको काजकर्ममा बस्ने पनि जानकारी गराइएको छ।

# बैशाखमा कुन बैंकले कति घटाए ब्याज ?

काठमाडौं । विकास बैंकहरूले बैशाख महिनाका लागि ब्याजदर घटाएका छन् । बैंकिङ क्षेत्रमा तरलता सहज हुँदै गएपछि विकास बैंकहरू पनि निरन्तर ब्याजदर घटाइरहेका छन् । निरन्तर घटिरहेको ब्याजदरलाई बैशाखमा पनि निरन्तरता दिएका हुन् ।

प्राप्त तथ्यांकअनुसार १५ वटा विकास बैंकहरूले मुद्दती निक्षेपमा औसत व्यक्तिगततर्फ ०.२४ प्रतिशत घटाएका छन् भने संस्थागततर्फ भने ०.०९ प्रतिशत ब्याजदर घटाएका छन् । बैशाखमा विकास बैंकहरूको औसत ब्याजदर व्यक्तिगततर्फ ७.०५ प्रतिशत छ भने र संस्थागततर्फको ७.०५ प्रतिशतमा झरेको छ ।

**विकास बैंकहरूको ब्याजदर (%)**

| बैंकको नाम | २०८० चैत | | २०८१ बैशाख | | फरक | |
|---|---|---|---|---|---|---|
| | व्यक्तिगत | संस्थागत | व्यक्तिगत | संस्थागत | व्यक्तिगत | संस्थागत |
| सिन्धु | ८.५१ | ७.२१ | ८.५१ | ६.८१ | ०० | -०.४० |
| सप्तकोशी | ९.०५ | ८.०५ | ८.५ | ७.५ | -०.५५ | -०.६० |
| महालक्ष्मी | ८.०५ | ६.०५ | ७.७५ | ६.७५ | -०.३० | ०.७० |
| कामना सेवा | ८.१५ | ६.५० | ८ | ६.७५ | -०.१५ | ०.३ |
| मितेरी | ८.५० | ७.५० | ८.५० | ७.५० | ०० | ०० |
| एक्सल | ८.४० | ७.४० | ८.२५ | ७.२५ | -०.१५ | -०.२० |
| कर्पोरेट | ९.११ | ८.११ | ९ | ८ | -०.११ | -०.११ |
| लुम्बिनी | ८.०५ | ६.४० | ७.७५ | ६.४० | -०.३० | ०० |
| ग्रीन | ८.७५ | ७.७५ | ८.७५ | ७.७५ | ०० | ०० |
| ज्योति | ८.०५ | ६.०५ | ७.७५ | ६.७५ | -०.३० | ०.७० |
| सांग्रिला | ८.०५ | ७.०५ | ७.७५ | ६.२५ | -०.३० | -०.८० |
| गरिमा | ८.०५ | ६.४० | ७.७५ | ६.५० | -०.३० | ०.१० |
| शाइन रेसुङ्गा | ८.०५ | ७.०५ | ७.७५ | ६.७५ | -०.३० | -०.३० |
| मुक्तिनाथ | ८.०५ | ७.०५ | ७.७५ | ६.७५ | -०.३० | -०.३० |
| कर्णाली | ९.५ | ८.५ | ९ | ८ | -०.५० | -०.५० |
| नारायणी | - | - | - | - | - | - |
| **औसत** | **८.४२** | **७.१४** | **७.१८** | **७.०५** | **-०.२४** | **-०.०९** |

सप्तकोशी डेभलपमेन्ट बैंकका नायव प्रमुख कार्यकारी अधिकृत ( डीसीईओ) कुमार खड्का बैंकहरूमा तरलता सहज भएकाले ब्याजदर घटाइएको बताउँछन् । उनका अनुसार अहिले ब्याजदर घटाएर बैंकरहरू रिकभरीमा जोड दिइरहेको उनको भनाइ छ । 'विकास बैंकहरूमा प्रयाप्त तरलता छ । कर्जा निक्षेप अनुपात (सीडी रेसियो) कर्म्फटेबल छ । कर्जा प्रवाह खासै छैन । कर्जाको माग नै आएको छैन । त्यसैले बैंकहरूले ब्याजदर घटाएर रिकभरीमा फोकस भएका छन्,' उनले भने ।

एक्सलडेभलपमेन्ट बैंकका कम्पनी सचिव श्याम बहादुर बोहोराका अनुसार बैंकमा पैसा थुप्रिएर बसेको र जम्मा भएको पैसा लगानी हुन सकिरहेको छैन । एक्सलको सीडी रेसियो ८०/८१ प्रतिशतमा रहेको उनले बताए । कर्जाको माग पहिलाको तुलनामा कम भएकाले ब्याजदर घटाउनु परेको उनको भनाइ छ ।

'प्रादेशिक स्तरका विकास बैंकलाई व्यवसाय गर्न गाह्रो छ । प्रादेशिक बैंकलाई राम्रो व्यवसाय नै आउँदैन । राम्रो राम्रो व्यवसाय ठूला बैंकले लिन्छन्,' उनले भने, 'अर्थतन्त्र सुस्त रहेकाले व्यापारीहरू पनि गाह्रो अवस्थामा छन् । उद्योगी व्यवसायीहरूले पनि बैंकको ब्याज तिरेर लगानी गर्न सक्ने वातावरण बनेको छैन ।'

घरजग्गा र सेयर बजारमा बहार आएपछि अन्य क्षेत्र पनि चलायमान हुने गरेको उनले सुनाए । उनका अनुसार घरजग्गा र पुँजी बजार अहिले सुस्ताएका कारण उत्साह छाएको छैन । ग्रीन डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) हरि बहादुर खड्का सीडी रेसियो सहज भएकाले निक्षेपको ब्याजदर घटाएको बताउँछन् । अहिले बैंकहरूले ब्याजदर घटाएर रिकभरीमा जोड दिइरहेको उनले बताए । ब्याजदर घट्दा नयाँ ऋणीलाई कर्जा प्रवाह गर्न सहज हुने उनको भनाइ छ ।

'ब्याजदर घट्दा नयाँ ऋणीलाई कर्जा प्रवाह गर्न सजिलो हुन्छ । र, पुराना ऋणीलाई पनि राहत हुन्छ,' उनले भने, 'निक्षेपको ब्याजदर घट्दा बैंकको लागत पनि घट्न पुग्छ । लागत घटेपछि आधार दर पनि घट्छ । त्यसपछि कर्जाको ब्याजदर पनि घट्दा ऋणीलाई सहज हुन्छ । नयाँ उद्योग व्यवसाय खुल्न सकछन् ।' सिन्धु विकास बैंकले व्यक्तिगततर्फ स्थिर राखेर ८.५१ प्रतिशत र संस्थागततर्फ ०.४० प्रतिशत घटेर ६.८१ प्रतिशत ब्याजदर निर्धारण गरेको छ । यस्तै, सप्तकोशी डेभलपमेन्ट बैंकले व्यक्तिगततर्फ ०.५५ प्रतिशत घटाएर ८.५ प्रतिशत र संस्थागततर्फ ०.६० प्रतिशत घटेर ७.५ प्रतिशत ब्याजदर तोकेका छन् ।

महालक्ष्मी विकास बैंकले व्यक्तिगततर्फ ०.३५ प्रतिशत घटाएर ७.७५ प्रतिशत र संस्थागततर्फ ०.७० प्रतिशत घटेर ६.७५ प्रतिशत, कामना सेवा विकास बैंकले व्यक्तिगततर्फ ०.१५ प्रतिशत घटाएर ८ प्रतिशत र संस्थागततर्फ ०.३ प्रतिशत घटाएर ६.७५ प्रतिशत ब्याजदर तोकेका छन् ।

एक्सल डेभलपमेन्ट बैंकले व्यक्तिगततर्फ ०.१५ प्रतिशत घटाएर ८.२५ प्रतिशत र संस्थागततर्फ ०.२० प्रतिशत घटेर ७.२५ प्रतिशत, कर्पोरेट डेभलपमेन्ट बैंकले ०.११ प्रतिशत घटाएर व्यक्तिगततर्फ ९ प्रतिशत र संस्थागततर्फ ८ प्रतिशत ब्याजदर तोकेका छन् ।

लुम्बिनी विकास बैंकले व्यक्तिगततर्फ ०.३० प्रतिशत घटाएर ७.७५ प्रतिशत र संस्थागततर्फ स्थिर राखेर ७.५ प्रतिशत, ज्योति विकास बैंकले व्यक्तिगततर्फ ०.३० प्रतिशत घटाएर ७.७५ प्रतिशत र संस्थागततर्फ ०.७० प्रतिशत घटाएर ६.७५ प्रतिशत, सांग्रिला डेभलपमेन्ट बैंकले व्यक्तिगततर्फ ०.३० प्रतिशत घटाएर ७.७५ प्रतिशत र संस्थागततर्फ ०.८० प्रतिशत घटाएर ६.२५ प्रतिशत ब्याजदर तोकेका छन् ।

गरिमा विकास बैंकले व्यक्तिगततर्फ ०.३० प्रतिशत घटाएर ७.७५ प्रतिशत र संस्थागततर्फ ०.१० प्रतिशत घटाएर ६.५० प्रतिशत, शाइन रेसुङ्गा डेभलपमेन्ट बैंकले व्यक्तिगततर्फ ०.५५ प्रतिशत घटाएर ८.५ प्रतिशत र संस्थागततर्फ ०.६० प्रतिशत घटेर ७.५ प्रतिशत ब्याजदर तोकेका छन् ।

शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक र मुक्तिनाथ विकास बैंकले ०.३० प्रतिशत घटाएर व्यक्तिगततर्फ ७.७५ प्रतिशत र संस्थागततर्फ ६.७५ प्रतिशत र कर्णाली डेभलपमेन्ट बैंकले ०.५ प्रतिशत ब्याजदर घटाएर व्यक्तिगततर्फ ९ प्रतिशत र संस्थागततर्फ ८ प्रतिशत ब्याजदर तोकेका छन् । विकास बैंकहरूले घटाएको ब्याजदर चैत १ गतेदेखि लागू हुनेछ ।

# ग्लोबल आइएमइ बैंकको 'पैसा आउने, थपेर पाउने' योजना

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकिङ प्रणालीमार्फत हुने रेमिट्यान्स कारोबारलाई प्रवर्द्धन गर्ने उद्देश्यले ग्लोबल रेमिटमार्फत पैसा पठाउँदा ५०० रुपैयाँसम्म क्यासब्याक पाइने नयाँ योजना सार्वजनिक गरेको छ । पैसा आउने, थपेर पाउने नारा सहित सार्वजनिक गरेको क्यासब्याक योजनामा ग्लोबल रेमिटमार्फत विदेशबाट ग्लोबल आइएमई बैंकमा रहेको खातामा पैसा पठाउँदा ५०० रुपैयाँसम्मको क्यासब्याक पाइने बैंकले जनाएको छ ।




बैंकका अनुसार यस क्यासब्याक योजनाअन्तर्गत रेमिट्यान्स पठाउने व्यक्तिले २५ हजारदेखि ५० हजार रुपैयाँसम्म पैसा पठाउँदा १०० रुपैयाँ, ५० हजार एकदेखि एक लाख रुपैयाँसम्म पैसा पठाउँदा २५० रुपैयाँ र एक लाख रुपैयाँभन्दा बढी पैसा पठाउँदा ५०० रुपैयाँ क्यासब्याक प्राप्त गर्नेछन् ।

यो योजना जुन १०, २०२४ सम्म लागू रहने बैंकले जनाएको छ । ग्लोबल आइएमई बैंकमा भएको कुनै पनि खातामा ग्लोबल रेमिटमार्फत पैसा पठाउँदा बैंकले रेमिट्यान्समार्फत आएको पैसामा ५०० रुपैयाँ सम्म थप गरिदिनेछ ।

यसैवीच, बैंक र आइएमई ट्राभल्सबिच सहकार्य भएको छ । बैंकले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ बैंकको क्रेडिट कार्डबाहक ग्राहकहरुलाई सरल किस्ताबन्दीमा स्वदेश तथा विदेश भ्रमण योजना सार्वजनिक गरेको हो ।

आइएमई ट्राभल्ससँगको सहकार्यमा ल्याइएको यस योजनाअन्तर्गत हाल आन्तरिक पर्यटकीय स्थानहरु अन्नपूर्ण वेस क्याम्प, धार्मिक गन्तव्यको रुपमा स्थापित मुक्तिनाथ तथा अन्तर्राष्ट्रिय टुर प्याकेजमा थाइल्याड, वाली, दुवई भ्रमणको लागि सहुलियत मूल्यको योजनाहरु ल्याएको छ ।

बैंकले आन्तरिक भ्रमणका लागि न्यूनतम् ३,२१० रुपैंया र विदेश भ्रमणको लागि ६,००० रुपैंयाको सरल किस्ताबन्दी योजना ल्याएको हो । बैंकको क्रेडिट कार्डबाहक ग्राहकहरुले आइएमई ट्राभल्समा गई आफूलाई अनुकूल टुर प्याकेज किस्ताबन्दीमा खरिद गर्न सक्ने बैंकले जनाएको छ ।

साथै, यो योजनामा आवद्ध भई क्रेडिट कार्ड लिन चाहने ग्राहकहरुलाई बैंकले कार्ड जारी शुल्कमा समेत ५० प्रतिशत छुट पाउँनेछन् ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन ।

ग्लोबल आइएमई बैंकलाई सबैंका लागि बैंक बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्याउँदै आइरहेको छ ।

# माछापुच्छ्रे बैंकको नयाँ भवन रुपन्देहीको सिद्धार्थनगर नगरमा

काठमाडौं । माछापुच्छ्रे बैंकले रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. १२ स्थित नवनिर्मित बैंकको कार्यालय भवनको शुभारम्भ गरेको छ । मंगलबार आयोजित एक औपचारिक कार्यक्रमकाबीच उक्त कार्यालय भवनको सिद्धार्थनगर नगरपालिकाका मेयर ईशितयाक अहमद खाँ तथा बैंक अध्यक्ष रोशन केसीले संयुक्त रुपमा समुद्घाटन गरेका हुन् ।



उक्त समुद्घाटन कार्यक्रममा बोल्दै प्रमुख अतिथि सिद्धार्थनगर नगरपालिकाका मेयर ईशितयाक अहमद खाँले बैंकले आफ्नै नयाँ कार्यालय भवनबाट कार्य शुभारम्भ गरेको अवसरमा खुशि व्यक्त गर्दै बैंकलाई अझै उचाईमा लग्न बैंक संचालक एंव व्यवस्थापन समितिलाई शुभकामना व्यक्त गरे ।

उक्त कार्यक्रममा बोल्दै बैंक संचालक समितिका अध्यक्ष रोशन केसीले बैंकले हरेक क्षेत्र र वर्गमा बैंकिङ्ग सेवा पुर्याउने लक्ष्यका साथ सेवा प्रदान गरिरहेको र लुम्बनी प्रदेशमा आफ्नै कार्यालय भवनबाट सेवा प्रदान गर्न पाउँदा निक्कै नै हर्ष लागेको बताए । साथै बैंकले गुणस्तरिय सेवा प्रदान गर्नको लागि कुनैपनि कुरामा सम्झौता नगर्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

उक्त औपचारिक समारोहमा सिद्धार्थनगर नगरपालिकाका उपमेयर, रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी, नेपाल राष्ट्र बैंक लुम्बिनी प्रदेशका निर्देशक तथा उपनिर्देशक, सुरक्षा संयन्त्रका प्रमुख लगायत बैंक संचालक समितिका पदाधिकारी तथा उच्च व्यवस्थापन तहका कर्मचारी एंव बैंकका कर्मचारीहरुको उल्लेख्य उपस्थिती रहेको थियो ।

# स्काइवाक टावरमा प्रभु बैंकका ग्राहकलाई छुट

काठमाडौं । स्काइवाक टावरको टिकट खरिदमा प्रभु बैंकका ग्राहकहरुलाई छुट हुने भएको छ । बैंकका ग्राहकहरूलाई स्काइवाक टावरको टिकट खरिदमा छुट दिन प्रभु बैंक लिमिटेड र वन्डर्स नेपालबीच दुई पक्षीय समझदारी भएको हो ।

सो समझदारी पत्रमा प्रभु बैंकको तर्फबाट प्रमूख मार्केटिङ्ग अफिसर रविन्द्र



ढकाल र वन्डर्स नेपाल प्रा.लि (स्काइवाक) का तर्फबाट कार्यकारी निर्देशक पदम प्रसाद न्यौपानेले ग्राहक वर्गलाई अतिरिक्त लाभ दिने उद्देश्य सहित गरेको यस सम्झौता अन्तर्गत , प्रभु बैंकका ग्राहक तथा कर्मचारीहरुले यो सुविधा उपभोग गर्न पाउने बैंकले जनाएको छ ।

यस सम्झौता अनुसार बैंकका ग्राहक तथा कर्मचारीहरुले कमलादी स्थित वन्डर्स नेपाल प्रा.लि.को स्वामित्वमा रहेको स्काइवाक टावरको टिकट खरिद गर्दा १० प्रतिशत छुट पाउनेछन् । छुट सुविधा प्राप्त गर्नका लागि बैंकका ग्राहकहरुले टिकट खरिद गर्दा प्रभु बैंक लिमिटेडको मान्य डेबिट कार्ड, क्रेडिट कार्ड तथा प्रिभलेज कार्ड मध्ये कुनै एक पेश गर्नुपर्ने छ । बैंकद्धारा यस किसिमका ग्राहक लक्षित छुट तथा अन्य सुविधा सम्झौताहरु देशभरका विभिन्न अस्पताल, रेष्टुरेन्ट, होटल, पार्लर, डिपार्टमेन्टल स्टोरहरु लगायत अन्य व्यापारिक ईकाइहरुमा समेत भएको जानकारी बैंकले दिएको छ ।

स्काइवाक टावर कुल ७८ दशमलव पाँच मिटर अग्लो छ र यस टावरबाट उपत्यकाको तीनसय ६० डिग्रीमा द्दश्यावलोकन गरि मनोरजंन लिन सकिन्छ । यस बैंकले विश्वभरबाट रेमिटान्स सेवा दिदै रेमिटान्स खाता मार्फत उच्च व्याजदरमा सेवा दिदै आइरहेको बैंकले जनाएको छ ।

# बंजी नेपाल एडभेन्चरमा सांग्रिला डेभलपमेन्ट बैंकका ग्राहकलाई छुट

काठमाडौं । सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड र बंजी नेपाल एडभेन्चरबीच सम्झौता पत्रमा हस्ताक्षर भएको छ । बालुवाटार-४, काठमाडौं स्थित बैंक र रातोपैरो-१७, पोखरामा स्थित बंजी नेपाल एडभेन्चरबीच बैंकका ग्राहकहरुलाई बंजी गर्दा सुविधा प्रदान गर्ने उद्देश्यले सम्झौता पत्रमा हस्ताक्षर भएको छ । सम्झौतामा बैंकको




तर्फबाट पोखरा क्लस्टर प्रमुख रेवन्त श्रेष्ठ र बंजी नेपाल ऐडभेन्चरको तर्फबाट अध्यक्ष सन्तोष भट्टराईले हस्ताक्षर गरेका छन् । सम्झौता अनुसार बैंकका ग्राहकले भिषा डेबिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गरी बंजी नेपाल एडभेन्चर प्रा. लि मा गई एकल बंजी गर्दा १००० रुपैयाँ र जोडी बंजी गर्दा १५०० रुपैयाँ सम्म सेवामा कर्पोरेट डिस्काउन्ट प्राप्त गर्न सक्नेछन् । यस सम्झौताले बैंकमा कार्यरत कर्मचारीहरु तथा ग्राहकहरुलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा फाइदा पुग्ने विश्वास बैंकले लिएको छ ।

# लाखौं भुइँमान्छे जोगाउने कि रवि लामिछाने ?

**महेश्वर दाहाल**

नेपाली कांग्रेसले सहकारी अनियमितता प्रकरणमा मुछिएका उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेबारे संसदीय समिति बनाएर छानबिन गर्नुपर्ने अडान राख्दै संसदीय गतिविधि निरन्तर अवरुद्ध गरेपछि सरकारले संसद्को चालु अधिवेशन नै अन्त्य गर्ने निर्णय गरेको छ। संसद्मा विपक्षीले उठाएका एजेन्डाबारे गम्भीर बहस गरेर त्यसलाई तार्किक निष्कर्षमा पुऱ्याउनुपर्नेमा संसद् नै स्थगित गरेर सरकार स्वयंले समकालीन राजनीतिक समस्यालाई गहिऱ्याएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा एमाले र नेकपा माओवादी केन्द्र लगायतका सत्तारुढ दलहरू गृहमन्त्री लामिछानेले संसद्को रोष्ट्रममा उभिएर स्पष्टीकरण दिने तर छानबिन समिति बन्न नसक्ने अडानमा थिए भने कांग्रेसले समिति नबनेसम्म संसद् चल्न नसक्ने अडान राखेको थियो। तर, सहकारी अनियमितताका बारेमा तथ्य सहित प्रश्न उब्जिएपछि गृहमन्त्रीका बारेमा छानबिन समिति बन्नै नहुने तर्क आफैंमा युक्तिसंगत थिएन।

यसअघिका सरकारका कैयौं मन्त्रीबारे वा तिनका निर्णयबारे संसदीय छानबिन समिति बनेकै थिए। छानबिन समिति बनेको चरण अर्थमन्त्रीबाट राजीनामा दिएर छानबिनमा पुष्टि नभएपछि पुनः सोही जिम्मेवारी सम्हालेका माओवादी केन्द्रका नेता जनार्दन शर्मा आफैंमा उदाहरण हुन्।

नारायणकाजी श्रेष्ठ उपप्रधानमन्त्री एवम् गृहमन्त्री हुँदा नै सहकारी अनियमितताबारे छानबिन सुरु गर्ने क्रममा लामिछानेका साझेदार जीबी राईले दर्जनौं सहकारीको रकम अपचलन गरेको देखिएको र स्वयं लामिछानेले समेत विना धितो २ करोडो ऋण लिएको प्रमाण प्रहरीले जुटाएको थियो। अरू समस्याग्रस्त सहकारीको छानबिन गर्ने क्रममा पीडितको उजुरीका आधारमा जीबी-रवि मिलेमतोको सहकारी अनियमितता प्रकरण समेत सतहमा आएको थियो।

कांग्रेसले गृहमन्त्री लामिछानेलाई राजनीतिक उद्देश्यले 'टार्गेट' गरेको होस् तर संसद्मा त सत्तापक्ष नै बहुमतमा हुन्छ। गहिरिएर बुझ्दा संसदीय छानबिन भन्नु सत्तापक्षकै मजबुती हो, त्यस पक्षका मानिसले गल्ती नगरेको हकमा। तर, यहाँ जीबी राई वा रवि लामिछानेले सहकारीको रकम अपचलन वा अनियमितता गरेको सन्दर्भ मात्रै छैन, भुइँमान्छेले खाई नखाई जम्मा गरेको रकम सुरक्षाको आवश्यकता समेत छ।

के आजको प्रचण्ड-ओली सरकार एक रवि लामिछानेको बचाउमा लाखौं भुइँमान्छेको रकम जीबी राईले निर्माण गरेका टाइपका सहकारीहरूले निलोस् भन्ने चाहन्छ ? दर्जनौं सहकारी अनियमितताका एक मुख्य अभियोगी जीबी राई हाल फरार छन् भने उनीसँगै प्रमाण सहित नाम जोडिएका लामिछाने उपप्रधानमन्त्री एवम् गृहमन्त्री बनाइएका छन्। 'ग्यालेक्सी फोर के' नामक टिभीमा 'शेयर होल्डर' हुने क्रममा आफूले कागजी रूपमा मात्र प्रक्रिया पूरा गरेको तर कुनै अनियमितता नगरेको गृहमन्त्री लामिछानेको तर्क छ।

तर, कांग्रेसले सहकारी पीडितहरूले र यसमा चासो वा सरोकार राख्ने सम्पूर्ण नागरिक, सामाजिक तथा राजनीतिक पक्षले लामिछानेलाई पुष्टि हुन चुनौती दिएका छन्। आजका गृहमन्त्री लामिछाने पुष्टि हुनु सबै सहकारी पीडितले न्याय पाउनु समेत हो। राज्यको एक प्राथमिक सरोकार हो यो। कांग्रेसमा धेरै भ्रष्ट छन् तर कांग्रेस आफैंलाई बिर्सिएर रवि लामिछानेमाथि प्रहार गरिरहेको छ भन्ने भाष्य समेत खडा गरिएको छ। भ्रष्टाचारी कांग्रेस, एमाले, माओवादी जतासुकै होउन्, त्यसको फरफारक हुनुपर्छ नै। तर, आजको सिधा सवाल गृहमन्त्री लामिछानेप्रति लक्षित छ

तर, गृह जस्तो प्रहरीको तालुक मन्त्रालयको नेतृत्व सहकारी अनियमिततामा नाम जोडिएका र अनुसन्धानको दायरामा रहेका व्यक्तिले नै लिएपछि स्वार्थ लाभको उद्देश्य टकराएको कांग्रेसको र सबै सरोकारवालाको सन्देह तथा बुझाइ छ। के प्रहरीले आफ्ना 'हेड' (गृहमन्त्री) विरुद्ध निष्पक्ष छानबिन गर्न सक्छ ? कांग्रेस र सबै सरोकारवालाको यो प्रश्न स्वाभाविक मात्रै होइन कि अनिवार्य नै हो।

केही दिन अगाडिको संसदीय समितिको बैठकमा प्रहरी प्रमुख वसन्तबहादुर कुँवरले बोलेको सन्दर्भले मात्र होइन सहकारी अपचलनबारे प्रहरी निकायका पछिल्ला रवैयाले गृहमन्त्री लामिछाने छानबिनको दायरामा नै छैनन्। यसले कांग्रेसलाई मात्र होइन, सबैलाई झस्काइदिएको छ।

प्रहरीले आफ्नो नेतृत्वको औपचारिक बचाउ गर्नु एउटा कुरा, स्वयं लामिछानेमाथि भने सहकारी अनियमितता सन्दर्भ गम्भीर नैतिक दायित्वको प्रश्न हो। लामिछानेलाई गृहमन्त्री नै हुनुछ र उनी गृहमन्त्री नभए सरकार कमजोर पर्ने एमाले, माओवादी केन्द्र लगायतलाई लागेको हो भने छानबिनको निश्चित अवधिका लागि पद त्याग गरेर उनी पुनः गृहमन्त्रीमा दोहोरिन नसक्ने होइनन्, जनार्दनले जस्तै।

आफूले अनवरत गृह नपाए पार्टीले नै सरकार छाड्ने हिजोको जस्तै तर्क लामिछानेको हो भने त्यसलाई उनको बालहठ नेतृत्वमा कुनै सुधार नआएको/आउनै नसक्ने अर्थमा लिन सकिन्छ। त्यसले सिद्ध गर्ने कुरा के हो भने रास्वपा भन्नु लामिछाने मात्रै हुन्।

यसै पनि लोकतन्त्रमा संसद् प्रतिपक्षको हो। नारायणकाजी श्रेष्ठले हिजो गृहमन्त्रीका रूपमा सुन तस्करीको जरामै पुग्न आँट गरेको र प्रहरीको अनुसन्धान निकायले विना दबाब दुनियाँले छर्लङ्ग देख्ने गरी काम गरेको सावित हुँदा त छानबिन समिति बनाउनैपर्ने प्रतिपक्षी एमालेको माग पूरा भएको थियो भने आज त लामिछानेको नाम सहकारी अनियमितता प्रकरणमा प्रामाणिक रूपमा नै जोडिएको छ। हिजो सुन प्रकरणमा प्रहरीले गहिरो अनुसन्धान गर्दा पनि त्यसबारेको छानबिन समितिले प्रहरीलाई थप निर्देशित हुने गरी धेरै तथ्यहरू औंल्याइदियो। त्यसैले सुन छानबिन समिति बनाउनुपर्ने एमाले मागको औचित्य सावित भयो।

आज त झन् गृहमन्त्री लामिछाने सहकारी अनियमिततामा जोडिएको सन्दर्भ खुलमखुल्ला आएको छ। सय जना मान्छेले नक्कली खाता खोलेर एक अर्ब रुपैयाँ दामासाहीले लगेका छन्, त्यसमध्ये लामिछाने पनि एक छन्। धितो नराखी, सदस्य नबनी पैसा लगेका छन्। सहकारीको रकम अन्यत्र नाफा कमाउने गरी लगेका छन्। टिभीमा वा अन्यत्र! उनै मानिस आजको दिनमा स्वयं गृहमन्त्री भएकाले उनीबारे गहिरो तथा प्रामाणिक अनुसन्धान नै हुन नसक्ने राजनीतिक एवम् सामाजिक तर्कको आधार के हो भने बहालवाला गृहमन्त्री आफैं मुछिएको मुद्दा प्रहरीबाट निरुपण हुनै सक्दैन।

'गृहमन्त्री लामिछानेले सहकारीको रकम अनियमितता गरे' भन्ने तथ्यलाई अप्रामाणिक सिद्ध गर्ने एउटै माध्यम निष्पक्ष संसदीय वा संवैधानिक छानबिन समिति नै हो। भनेको सत्य हो भने रास्वपा वा सत्ताधारी दल वा लामिछानेको दाबीलाई पुष्टि गर्ने पनि त्यसैले हो। नयाँ संकल्प सहित देश बनाउने उद्देश्य लिएर राजनीतिमा आएको हो भने रास्वपा र त्यसका अध्यक्ष एवम् उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेले सहकारी अनियमितता छानबिन समिति बनाउनुपर्ने कांग्रेसको मागको स्वागत गर्नुपर्छ। र, छानबिन अवधिभर रास्वपाले सरकार छाड्ने होइन कि लामिछाने एक्लैले पद त्याग गर्न सक्नुपर्छ।

तर, यसै कारण लामिछानेले सरकार छाड्छन्, उनको पार्टी पनि उनीसँगै सती जान्छ र यसकारण बहुमत गुम्छ भने यस्तो भ्रष्ट मत-आवरणको सरकारबाट प्रधानमन्त्री प्रचण्ड खुशी-खुशी बहिर्गमित हुन सक्नुपर्छ। उनले आफ्नो ऊर्जालाई पार्टी निर्माण र बाम एकतामा लगाउन सक्नुपर्छ। कांग्रेसमा धेरै भ्रष्ट छन् तर कांग्रेस आफैंलाई बिर्सिएर रवि लामिछानेमाथि प्रहार गरिरहेको छ भन्ने भाष्य समेत खडा गरिएको छ। भ्रष्टाचारी कांग्रेस, एमाले, माओवादी जतासुकै होउन्, त्यसको फरफारक हुनुपर्छ नै। तर, आजको सिधा सवाल गृहमन्त्री लामिछानेप्रति लक्षित छ।

यहाँ कुन पार्टीले मुद्दा उठायो र कुन पार्टीलाई नाफा वा घाटा हुन्छ भन्ने कुरा मुख्य होइन। कतिपय विषय विवेकपूर्ण र आलोचनायोग्य दुवै हुन्छन्। यद्यपि भ्रष्टाचार, अनियमितता र अपारदर्शिता एउटा पार्टी तथा अमूक व्यक्तिसँग जोडिएको विषय मात्रै होइन, सबै समाज पक्षीयले सामना गर्नुपर्ने प्रधान शत्रु हो।

# पुरुष र पुरुषत्वसम्बन्धी स्रोत केन्द्रको उद्घाटन

काठमाडौं। 'नारीवादको मान्यता र नारीवादी भन्ने शब्दावली पनि स्टिरियोटाइपकै कारण सीमित भएको छ झैं मलाई लाग्छ।''पुरुषप्रधान समाजको संरचना तथा वैचारिकी नारीका निम्ति त हानिकारक छँदैछ नै, यो पुरुषको निम्ति पनि ठिक छैन।'

माथिका हरफहरु हामी दाजुभाइ नामक संस्थाले आफ्नो कार्यालय, ज्वागलमा यही हप्ता पुरुष र पुरुषत्वसम्बन्धि स्रोत केन्द्रको उद्घाटन गर्ने क्रममा संस्थाका अध्यक्ष सञ्जोग ठकुरी र उपाध्यक्ष पुजा श्रेष्ठले वाचन गरेका 'महिलावाद' र 'अपरजित अपराजिता' नामक पुस्तकका अंश हुन्। वैशाख महिनाको पहिलो हप्ता आफ्नो पाँचौ वार्षिकोत्सवको अवसर पारेर सो केन्द्रको उद्घाटन गरिएको हो। नेपालमा महिलावाद र लैगिंक अध्ययन शुरु गर्ने मध्यकी एक प्रा. डा. बिन्दु पोखरेल, त्रि. वि.लैंगिक अध्ययन विभागका प्रमुख सुदिप नकर्मी र ललितपुर महानगरपालिका, सामुदायिक शाखाकी प्रमुख सरिता महर्जनद्वारा संयुक्त रुपमा उद्घाटन गरिएको सो स्रोत केन्द्रले नेपालमा पुरुष र पुरुषत्वसम्बन्धि अध्ययनका लागि भएको पाठ्य सामाग्रीको अभावलाई केही हदसम्म भएपनि न्युनीकरण गर्ने विश्वास लिइएको छ।उद्घाटनका क्रममा नकर्मीले पुरुषहरु माहिलावादी हुने मात्रै होइन कि एक असल र उदाहरणीय पुरुष बन्न पनि सक्छन् भन्ने विचार व्यक्त गरेका थिए। त्यस्तै प्रा. डा .पोखेलले महिलावाद र लैंगिक अध्ययन महिलाले मात्र पढ्ने होइन कि



पुरुषहरुले नै पढ्नु पर्ने विषय भएकोले आफूहरुले यो विषयको अध्ययन र अध्यापनलाई नेपालमा शुरुवात गरेको र त्यो विषय सुरुमा अध्ययनका लागि पद्म कन्या क्याम्पसमा व्यवस्था मिलाइएको र त्यहाँ पुरुषहरुलाई अध्ययनको अनुमति नभएकोले डिल्लीबजारमा भाडामै भएपनि स्थान व्यवस्था गरेर सुरुवात गरेको स्मरण गरिन्।

त्यस्तै अर्की वक्ता महर्जनले समाजमा महिलामाथि हुने हिंसा दुर्व्यवहार अन्त्यका लागि पुरुषहरु नै अग्रसर हुनुपर्ने, महिलावादलाई बुझ्नुपर्ने र त्यसको लागि महानगरपालिकाले हामी दाजुभाइसँग मिलेर कलेजहरुमा विमेन क्लब गठन गरी यो विषयमा बुझ्ने र बुझाउने कार्यको थालनी चार वर्ष अगाडि नै गरिसकेको र त्यसको निरन्तरता अव स्कुलहरुमा पनि गर्नका लागि बजेट विनियोजनसमेत गरिसकेको कुरा व्यक्त गरिन्।

कार्यक्रममा आयोजक संस्थाका अध्यक्षले संस्था स्थापना गर्नुको कारण र पाँचौ वर्षमा प्रवेश गरिरहँदाका आरोह अवरोहबारे स्मरण गरेका थिए भने संस्थाकी उपाध्यक्ष श्रेष्ठले स्रोत केन्द्र स्थापना गर्नुको उपदेयतामाथि प्रकाश पारेकी थिइन्। कार्यक्रममा महानगरपालिका, महिला विकास शाखाकी सोनु खड्का, संस्थाका कार्यसमिति सदस्य सुलभ गिरी, लैंगिक अध्ययनका विद्यार्थीहरुलगायत विभिन्न अभियन्ताहरुको उपस्थिति रहेको थियो।

# नुवाकोटमा माङ्चेभुमे जात्रा

नुवाकोट/ नुवाकोट जिल्ला शिवपुरी गाउँपालिका वडा नं.१ मा नयाँ बर्षको उपलक्ष्यमा भगवान् माङ्चेभुमेको जात्रा लागेको छ।

दिङ्गाममा अवस्थित यस मन्दिरलाई पालिकाको पूर्वी भेगका जनताले शक्तिपीठको रुपमा पुज्ने गर्छन्। उक्त गाउँपालिकाको अध्यक्ष गोविन्द थपलियाले उद्घाटन गरेको जात्रामा वडा नम्बर १ का वडाध्यक्ष सुकुराम तामाङसहित स्थानीय सरकारका प्रमुखहरु उपस्थित थिए। यस जात्रामा दर्जनौ झाँक्री समूहहरु उपस्थित भएका थिए। पूजा पश्चात पालिकाका अध्यक्षले जात्रा व्यवस्थापनमा बजेट हालेको जानकारी दिँदै गाउँपालिकाको नै महत्वपूर्ण धार्मिक स्थललाई पर्यटन क्षेत्रको रुपमा विकास गराउन सके यस क्षेत्रका जनताको आर्थिक तथा सांस्कृतिक पाटो अझै बलियो हुने विश्वास व्यक्त गरे।



यस ठाउँको प्रचार प्रसार गर्न सके आर्थिक लाभ लिन सकिने जानकारी दिँदै वडाअध्यक्ष तामाङले यस ठाउँको धार्मिक महत्वको बारेमा अन्य तहका सरकार हरुले पनि चासो दिनुपर्ने खाँचो औल्याए।

# थाक्रेमा पर्वमा झण्डोत्तोलन

धादिङ/ महाभारत पर्वत श्रृंखलाअन्तर्गत धादिङ जिल्ला थाक्रे गाउँपालिका वडा नं ३ को झण्डाचुलीमा नेपालको राष्ट्रिय झण्डा झण्डोत्तोलन कार्यक्रम सम्पन्न भएको छ।मकवानपुरको थाहा नगरपालिका, धादिङको थाक्रे गाउपालिका र गल्छी गाउँपालिकाको सिमानामा रहेको यस क्षेत्रमा बागमती प्रदेशका प्रदेश सांसद मधुकुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो।

सो कार्यक्रममा थाक्रे गाउँपालिकाका अध्यक्ष रामकुमार आचार्य र पालिकाका उपाध्यक्ष यन्त्रबहादुर थापाको विशेष आथित्यमा सम्पन्न कार्यक्रममा थाक्रे गाउँपालिका वडा नं ३ का वडाअध्यक्ष विजय तामाङ, वडा नं.२ का वडाअध्यक्ष टीकाराम तामाङ, वडा नं.६ का अध्यक्ष हिराबहादुर थापा, वडा नं.११ का वडाअध्यक्ष सुदर्शन पाण्डे पनि अतिथिको रुपमा रहेका थिए।




यसैगरी स्थानीय नेता, व्यवसायी लगायतको उपस्थिति रहेको सो कार्यक्रम ठाडोखोला समाज सुधार समितिको अध्यक्ष अमर तामाङको सभापतित्वमा भएको थियो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि श्रेष्ठले पर्यटनको प्रचूर संभावना बोकेको झण्डाचुलीलाई थप विकास गर्न आफूले पहल गर्ने बताए। थाक्रे गाउँपालिकाका अध्यक्ष रामकुमार आचार्यले झण्डाचुली आउने सडकलाई व्यवस्थित गर्ने बताए। पाध्यक्ष यन्त्रबहादुर थापाले झण्डाचुलीमा बर्षको एक दिन मात्र कार्यक्रमले मात्र पर्यटक बढाउन नसकिने भएकोले यस्ता कार्यक्रम बर्षको धेरै दिन गर्नुपर्ने कुरामा जोड दिए। थाक्रे गाउँपालिकाको सबैभन्दा अग्लो स्थान झण्डाचुलीमा २०३२ सालतिर नेपालको राष्ट्रिय झण्डा गाडिएको बताइन्छ। इतिहास सम्झँदै प्रत्येक नयाँ वर्षमा पर्यटन क्षेत्रको विकास गर्ने उद्देश्यले झण्डोत्तोलन कार्यक्रम हुने गरेको छ।



## विद्यार्थी र शिक्षकलाई उपयोगी पुस्तक

**भक्तपुर बहुमुखी क्याम्पस, दुधपाटी भक्तपुरमा लामो समयदेखि अर्थशास्त्र विषयमा सह प्राध्यापकको रुपमा अध्यापन गराउनु भएका गम्भीर बहादुर हाडाले विद्यार्थीहरुको हितको लागि बि.ए. र बि.एड.का अर्थशास्त्र विषयका विभिन्न पुस्तकहरु वृहस्पति पुस्तक प्रकाशन प्रा.लि.ले प्रश्नोत्तरको रुपमा प्रकाशित गरेको छ। सबै विद्यार्थी तथा शिक्षकलाई अत्यन्त उपयोगी पुस्तक खोजी खोजी पढ्नुहोला।**

**पुस्तकको नामहरू :**

- **अर्थशास्त्र शिक्षण विधि** (Method of Teaching Economics), **त्रि.वि.शिक्षाशास्त्र सङ्कायअन्तर्गत बि.एड. तेस्रो वर्ष** Eco.Ed. 432 **तथा** 439 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U. Solution, **बि.एड.तेस्रो वर्ष।**
- **शिक्षाको अर्थशास्त्र** (Economics of Education), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष** Eco.Ed. 424 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete T.U. Reference Book, **बि.एड. दोस्रो वर्ष।**
- **बृहत अर्थशास्त्र** (Macro Economics), **त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए. दोस्रो वर्षको** Eco- 423 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solution, **बि.एड. दोस्रो वर्ष।**
- **व्यवस्थापकीय अर्थशास्त्र र अर्थशास्त्र शिक्षामा अनुसन्धान** (Managerial Economics & Research in Economic Education), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. चौथो वर्ष** Eco Ed. 445 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.एड. चौथो वर्ष।**
- **आर्थिक विश्लेषण** (Economic Analysis), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. प्रथम वर्ष** Eco Ed. 416 **तथा** 418 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.एड. प्रथम वर्ष।**
- **नेपालको अर्थव्यवस्था** (Nepalese Economy), **त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष** Eco Ed. 422 **तथा** 428 **को नयाँ पाठ्यक्रममा आधारित** With Model Questions & Solutions, **बि.एड. दोस्रो वर्ष।**
- **सार्वजनिक वित्त** (Public Finance), **त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष** Eco 425 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष।**
- **शिक्षाको अर्थशास्त्र** (Economics of Education), **त्रि.वि. शिक्षा शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्.दोस्रो वर्ष** Eco. Ed. 424 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष।**
- **विकास र योजनाको अर्थशास्त्र** (Economics of Development & Planning), **त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत बि.एड्.दोस्रो वर्ष** Eco.Ed. 423 **को पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. तेस्रो वर्ष।**
- **मुद्रा, वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय व्यापार** (Money, Financial System & International Trade), **त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष** Eco. 426 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. चौथो वर्ष।**
- **अनुसन्धान पद्धति र प्राज्ञिक लेखन** (Research Methodology & Academic Writing), **त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष** Eco. 427 **को नयाँ पाठ्यक्रममा आधारित** A Complete Reference Book with T.U.Solutions, **बि.ए. चौथो वर्ष।**

# राजनीतिक स्थायित्वका लागि निर्वाचन प्रणालीमा सुधार आवश्यक

**डा. चन्द्र भण्डारी**

हाल अभ्यासमा रहेका राजनीतिक व्यवस्थामध्ये सबैभन्दा उत्कृष्ट व्यवस्था नै संसदीय शासन प्रणाली हो। यो व्यवस्थालाई समावेशी बनाउन देशको निर्वाचन प्रणालीमा समानुपातिक व्यवस्था थपिएको हो। समानुपातिक निर्वाचन पद्धतिले नेपाली समाजको प्रतिनिधित्वलाई उचाइमा लगेको छ। तर यसको सञ्चालन विधिका बारेमा नेताहरु इमान्दार र विवेकशील हुन जरुरी छ। निर्वाचनको यो मिश्रित व्यवस्था अल्पसङ्ख्यकहरूको संरक्षणका लागि गरिएको हो।

अहिले के देखिएको छ भने हाम्रो निर्वाचन प्रणालीले सरकारको स्थायित्व भने दिँदैन। संविधान संशोधन गरेर निर्वाचन प्रणालीमा फेरबदल गर्नुपर्ने समय आइसक्यो। मेरो विचारमा समानुपातिक प्रतिनिधित्व माथिल्लो सदनअर्थात् राष्ट्रियसभामा मात्र हुनुपर्छ। प्रतिनिधिसभालाई एक सय हाराहारीको बनाउने र प्रदेशमा १५ जना निर्वाचित गर्ने व्यवस्था राख्नुपर्ने देखिन्छ।

प्रदेशको ठूलो संख्या पनि आवश्यक छैन। स्थानीय तह जे छ राम्रो छ, कमीकमजोरी भए सुधार गरेर लैजानुपर्छ। यस्तो गर्दा जनप्रतिनिधिहरुको सङ्ख्या घटेर १८ हजार हुन्छ। यस्तो हुने बित्तिकै सरकारले स्थायित्व पाउँछ। यत्रो कर्मचारीतन्त्र यो डिजिटल युगमा जरुरी छैन। इन्जिनियर, चिकित्सकको विज्ञापन खोलेर गाउँगाउँ पठाइदिन सकिन्छ। यस्तो भयो भने मुलुकले एउटा कोर्स लिन्छ। समावेशी, समानुपातिक निर्वाचन प्रणाली मात्रै भनेर पनि हुँदैन, यो त सुधार गर्नैपर्छ।

समानुपातिक निर्वाचन प्रणालीबाट विज्ञ व्यक्तिलाई सदनमा ल्याउनुपर्ने थियो। उनीहरुलाई विभिन्न संसदीय समितिमा राखेर काम गर्न पाएको भए प्रभावकारी हुन्थ्यो। यसमा अरुले खेल्ने मौका पाउने थिएनन्। हामीले सुरुमा बिरुवा रोप्दा नै हाम्रो आवश्यकताका बारेमा ख्याल गरेनौँ। असन्तुष्टिलाई मात्र ध्यान दिने हो भने अझ अराजकता हुन्छ। जे छ राम्रो गराउने प्रयास गराउनुपर्यो। अब आउने पुस्ताले राम्रो गर्नुपर्छ। संसदीय समितिलाई प्रभावकारी बनाउन सबै पार्टीले समानुपातिक प्रणालीबाट विज्ञहरुलाई ल्याउनुपर्छ।

संसद्मा आफ्ना विचार प्रस्तुत गर्ने क्रममा जुन तर्कहरु आएका हुन्छन् ती निःसन्देह जनताप्रति केन्द्रित र जवाफदेही नै हुने गरेका पाइन्छन्। संसद्लाई अझ बढी चलायमान बनाउन संसदभित्र विभिन्न समिति क्रियाशील छन् र ती पनि निकै शक्तिशाली छन्। यसलाई 'मिनी संसद्' पनि भनिन्छ। संसद् र संसदीय समितिले सरकारलाई सचेत गर्न र जनताप्रति जवाफदेही तुल्याउन भूमिका निर्वाह गरिरहेका हुन्छन्।


शक्तिपृथकीकरणको मूल मान्यताका आधारमा संसद्ले काम गरिरहेको हुन्छ। तथापि, संसद्को सञ्चालन र प्रभावकारिता अभिवृद्धिका लागि राजनीतिक नेतृत्वका अघिल्तिर ठूलो जिम्मेवारी हुने गर्दछ। राजनीतिक नेतृत्व गम्भीर नभई आफ्नो मात्रै स्वार्थमा लाग्ने, आफ्ना सन्तानलाई गलत काममा लगाउने, आफ्नो परिवारलाई बढावा दिने, आफ्नो गुटलाई प्रश्रय दिने गरेमा मुलुकभित्र नैराश्यता बढ्नुका साथै देशभित्र अनेक समस्या सिर्जना हुने गर्दछ।

वास्तवमा दलका नेतृत्ववर्गले यस वस्तुतथ्यलाई आत्मसात् गर्न जरुरी छ। म कुन घरमा बसिरहेको छु र मेरो घरको लक्ष्य के हो भन्ने कुरा घरको नेतृत्व गर्नेलाई थाहा हुन जरुरी छ। घरलाई सबल बनाउन अरुभन्दा भिन्न तरिकाले मिलाएर लैजाने हुनुपर्छ। अहिले न्यायपालिकामा हुने नियुक्तिमा भागबण्डा गर्नेजस्तो गलत अभ्यास थालिएको छ।

अन्य निकायमा पनि आफ्नै मान्छेलाई लैजान खोज्यौँ, संवैधानिक नियुक्तिमा पनि आफ्नै नियुक्ति खोज्यौँ। यस अभ्यासले राम्रोसँग काम गर्न सकेन, 'डेलिभरी' दिन सकेन। सदनमा कुखुरा पाल्ने, गाई पाल्ने, हलो जोत्ने, कोदालो खन्ने, श्रमिक वा कुनै किसान होस् उनीहरुको पक्षमा जनप्रतिनिधिले के बोल्छन् भन्ने कुरा चासो दिने विषय प्राथमिकतामा पर्नुपर्छ। हामीले जनतालाई पनि पार्टीगत रुपमा विभाजित गरिरहेका छौँ।

मेरो निर्वाचन क्षेत्र गुल्मी क्षेत्र नं १ मा सबैभन्दा बढी प्राथमिकताको विषय शिक्षा र स्वास्थ्य नै हो। शिक्षालाई राम्रो बनाउन शिक्षकलाई अपग्रेड गर्नुपर्यो। विद्यार्थी, अभिभावकलाई स्कुल ल्याउन आकर्षण बढाउनुपर्छ। जनताको स्वास्थ्यलाई ख्याल गरेर विशेषज्ञ चिकित्सक, ल्याब हुनुपर्छ। विकास भनेका सडक, खानेपानी विद्युत् पनि हो तर यो निरन्तर हुने प्रक्रिया हो। अर्गानिक खेतीका लागि यहाँ अत्यन्त अनुकूल अवस्था छ। त्यसका लागि किसानलाई अनुदान दिनुपर्छ। यहाँ बेलायती सेना, नेपाली सेना, प्रहरीमा काम गरेका विज्ञहरु थुप्रै हुनुहुन्छ। लामो अनुभव प्राप्त गरेका हुनुहुन्छ। यहाँका युवालाई जिल्लामै विभिन्न अवसर दिनसके विदेश जानै पर्दैन।

अर्को, कालीगण्डकी कोरिडोरले गर्दा सालझण्डी बजार नजिकै पर्न



सक्छ। त्यहाँबाट बुटवल बजारसम्म आफ्ना उत्पादन लैजान सक्छौँ। कालीगण्डकी जलविद्युत्ले गर्दा पोखरासम्म पनि हाम्रा उत्पादन जान सक्छन्। यसबाट किसानले प्रशस्त लाभ लिन सक्छन्। यस्तो अवस्थामा बीउ, मल, सिँचाइको अभाव किसानलाई हुनुहुँदैन। कफी, किबी, कोदोको उत्पादन बढाउन सकिन्छ। हामीले यी उत्पादनको ब्रान्डिङ गर्नु जरुरी छ। यसबाहेक कालीगण्डकीको रिडीमा शालिग्राम छ। त्यो शालिग्राममा जलधारा गराएर त्यहाँ एउटा टावरजस्तो बनाइयो भने धार्मिक पर्यटनका रुपमा विकास हुन सक्छ। धार्मिक पर्यटनसँग रुरु क्षेत्र, रेसुङ्गा क्षेत्र जोडिन्छ। यसबाहेक अन्यन्त मनमोहक दृश्यहरु छन् जसले पर्यटनको प्रचुर सम्भावनालाई पनि देखाउँछ। अर्गानिक आलुको उत्पादन भइरहेको छ। त्यस्तै सुन्तला उत्पादन हुन्छ। यसै वर्ष रु १३ करोड बराबरको सुन्तला गुल्मीबाट निकासी भयो। यसलाई अझै व्यवस्थित गर्ने हो भने रु ४० करोडसम्मको सुन्तला निकासी हुन सक्छ।

वैदेशिक रोजगारीको कुरा त पहिलेको विकृतिको हो। पहिलेका व्यक्तिको अदूरदर्शिता। राजनीति मात्रै गर्ने राष्ट्रनीतिका विषयमा कुनै छलफल नगर्ने प्रवृत्ति रह्यो। उहाँहरुको विकृत मानसिकताबाट हाम्रो पुस्ताले भारी बोक्नुपर्ने अवस्था देखिएको छ। यसलाई रोक्नका लागि वा न्यूनीकरण गर्न स्तरीय शिक्षा, गुणस्तरीय स्वास्थ्य, सूचना प्रविधि, रोजगारीको ग्यारेन्टी हुनुपर्छ। विदेशमा रहेका नेपालीले कमाएको पैसा सरकारले ऋण लिएर देशमा लगानी गर्न सक्छ।

उहाँहरुको लगानी नेपालमा नै भएपछि उहाँहरु फर्केर आउनुहुन्छ। त्यसैले हाम्रो देशलाई शिक्षा, स्वास्थ्य, आइटी र जलस्रोतको केन्द्रका रुपमा विकास गर्नुपर्छ। हामी भारत र चीनको बीचमा छौँ, दुवै देशले धेरै प्रगति गरेका छन्। हामीले ठूलो मात्रामा उद्योग स्थापना गर्न सक्दैनौँ। अहिलेको सोच र चिन्तनबाट म त्यो सम्भव देख्दिनँ। नेपालभित्र नेपाली खोज्न सक्नुपर्छ।

# बालबालिकाको स्वास्थ्यमा अभिभावकको भूमिका

अभिभावक बन्नु प्राकृतिक नियम हो, तर अभिभावकत्व निभाउनु सबैभन्दा ठूलो चुनौती हो। अभिभावकले आफ्ना अनगन्ती खुशी, इच्छा, चाहना तथा समस्याहरूलाई व्यवस्थापन गर्दै बालबालिकाको विकास र सर्वोत्तम हितको लागि सधैँ प्रयासरत रहनुपर्छ। बालबालिकाको मानसिक रूपमा स्वस्थ राख्नको लागि निम्नानुसार व्यवहार गर्नुपर्दछः

- बालबालिका जन्माउन मानसिक तथा शारीरिक रूपमा तयार भएर मात्र जन्माउने योजना बनाउनुपर्छ। जस्तो अवस्थाको शिशु जन्मेपनि स्वीकार गर्ने योजना बनाउनुपर्छ।

- बालबालिकालाई सञ्चो, विसञ्चो, खाना खाएको नखाएको, समयअनुसार लुगाफाटा लाएको नलाएको रेखदेख गर्ने, उनीहरूलाई सबैभन्दा धेरै महत्व दिने, माया देखाउने गर्नुपर्दछ।

- बालबालिकाले उमेरअनुसार शारीरिक हाउभाउ, रुवाई र बोलेर आफ्ना आवश्यकताहरू बताइरहेका हुन्छन्। यसलाई बुझेर तुरुन्तै सम्बोधन, समाधान गरिहाल्नुपर्छ। बालबालिकालाई पनि विस्तारै आफूले सक्ने कुराको समस्या समाधान गर्न सिकाउदै जानुपर्छ।

- बालबालिकाको कुरा सधैँ प्राथमिकता दिएर सुन्ने, विभिन्न हाउभाउ जस्तै, मुस्कुराएर, अचम्मको भाव व्यक्त गरेर, बालबालिकाको भाव अनुरुप कुराकानी गर्ने गर्नुपर्दछ।

- बालबालिका रुनु भनेको संवेगको प्रष्फुटन हो। त्यसैले रोएको बेलामा रून दिने, विलौना गर्न दिने र बालबालिकालाई सुन्ने तथा सहानुभूति जनाउँदै माया देखाउने गर्नुपर्दछ। बालबालिका नरोएर तनाव लिएर बसेमा, यसले सुत्न नसक्ने, तर्सने, एक्लैबस्ने जस्ता व्यावहारिक समस्या आउनसक्छ।

- बालबालिकाले सामान फाल्ने रिस देखाउने गरेमा, अभिभावक शान्त हुनुपर्छ र काम नलाग्ने वस्तुहरू फाल्न र बिगार्न दिनुपर्छ। यसले उनीहरू भित्र लुकेको रिस बाहिर निस्कन्छ। शान्त भएपछि, रिसको झोंकमा के के बिगार्‍यो यसबाट हामीलाई के के बेफाइदा हुन्छ बताईदिनुपर्छ।

- बालबालिकालाई विभिन्न संवेगका बारेमा सिकाउनुपर्दछ र शब्दमा विभिन्न अवस्थामा कस्तो (खुशी, दुखी, रिस उठेको आदि) लागेको छ कारणसहित व्यक्त गर्न दिनुपर्छ।

- बालबालिकाको इच्छा, रहर, आवश्यकता बुझेर आफूले पूरा गर्न सकिने र नसकिने कुरा बताईदिनुपर्छ।

- घरमा विभिन्न नियमहरू बनाई पहिले आफूले पालन गर्ने र बालबालिकालाई पनि पालन गर्न उत्प्रेरित गर्नुपर्दछ। बालबालिकालाई सजायभन्दा पनि सकारात्मक अनुशासनमा राख्नुपर्छ।

- बालबालिकाको आत्मबल बलियो हुने खालका कथाहरू भन्ने र जुनसुकै समस्या पनि समाधान गर्न सकिन्छ भन्ने विश्वास दिलाउनुपर्छ। बालबालिकालाई आवश्यक रूपमा प्रशंसा र प्रोत्साहन गरेर हुर्काउनुपर्छ।

***बालबालिकाको मानसिक स्वास्थ्यका लागि केही विशेष क्रियाकलापहरू***

- दिनभरिको घटनाहरू एक अर्कामा भन्ने निश्चित समय वा पारिवारिक समय निर्धारण गर्नुपर्दछ। सो समयमा दिनभरिको अनुभवहरूबारे कुराकानी गर्ने गर्नुपर्दछ।

- बालबालिकाको तनाव बाहिर निकाल्न तकिया, चकटी आदिलाई हातले हिर्काउन दिनुपर्छ।

- धेरै रिस उठेमा १ देखि १० सम्म गन्ने, एउटै बस्तुलाई ५ मिनेट जति एकटकले हेर्न लगाउने र आफू पनि सँगै गर्नुपर्छ।

- बालबालिकालाई शान्त गर्न माटो वा पिठो मुछ्न लगाई बालबालिकालाई मनपर्ने आकृति बनाउन दिनुपर्छ।

- बालबालिकासँगै खेल्ने, रमाउने, दौडने उफ्रिने कराउने, खित्का छाडेर हाँस्ने, तकिया हानेर खेल्ने, सँगै रोएर खेल्ने, लडिबुडी गर्ने गर्नुपर्दछ। यसले बालबालिकालगायत आफ्नो पनि तनाव कम हुन्छ। बालबालिकासँग भावनात्मक सम्बन्ध पनि बन्छ।-

*(युनिसेफ नेपाल)*

# सिटिजन्स बैंकले दिन्छ निःशुल्क इ–कम कार्ड

काठमाडौं। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्नो १७औं वार्षिकोत्सवको उपलक्ष्यमा आकर्षक योजनाहरु सार्वजनिक गरेको छ। वैशाख ७ गतेको वार्षिकोत्सवलाई ध्यानमा राखेर बैंकले यहि वैशाख १ गते देखि वैशाख ३१ गते सम्म १ महिनाको लागि लागू हुने गरि विभिन्न सेवा सुविधामा भारी छुट र क्यासब्यक लगायतका योजनाहरु सार्वजनिक गरेको हो।

सो योजना अन्तर्गत डेविट/क्रेडिट कार्ड प्रयोगकर्ताहरुले पस मेसिन र अनलाईन मार्फत १००० रुपैयाँ वा बढीको कारोबार गर्दा १७ प्रतिशत वा बढिमा १७० रुपैयाँ क्यासब्याक दिइने छ। यसैगरी सिटिजन्स स्मार्ट मार्फत क्यु आर कोड स्क्यान गरि भुक्तानी गर्ने ग्राहकहरुको लागि पनि ५०० रुपैयाँ वा बढीको कारोबार गर्दा १७ प्रतिशत वा बढीमा १७० रुपैयाँ क्यास ब्याक प्रदान गरिने बैंकले जनाएको छ।




डिजिटल भुक्तानीको अर्को माध्यम इ-कम कार्डको प्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ बैंकले योजना अवधीभरमा इ-कम कार्ड लिन चाहने ग्राहकहरुलाई सो कार्ड निःशुल्क रुपमा उपलब्ध गराउने छ। त्यसैगरि बैंकले यस योजना अवधिभर ग्राहकहरुका लागि निःशुल्क डिम्याट खाता खोलिदिने व्यवस्था गरेको छ। साथै बैंकका निश्कृय मोबाईल बैंकिङ्ग ग्राहकहरुलाई योजना अवधिभर सेवा सक्रिय गर्दा एकमुष्ठ १५० रुपैयाँ छुट प्रदान गरिने समेत जानकारी बैंकले गराएको छ।

बैंकले देशैभरी फैलिएका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १७ लाख ४६ हजार ग्राहकवर्गलाई बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

Considering studying or working aboard?
Come to **Joy International Language Institute**
for all levels of
English and Spanish Language Classes
including **IELTS, PTE, TOEFL**
*Improve your conversation skills speaking with a native speaker.*
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com




निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्। विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरुका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरु तान्ने कार्यहरुमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।

'तपाईहरुको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

प्रविधि कन्स्ट्रक्सन प्रा.लि.

कृष्ण नगरकोटी
काठमाडौं - ११, काठमाडौं
सम्पर्क नं. ९८४१७२५६६२

## कानूनी ...

पौडेल पनि मुछिएकी छन् । जि.बी. राई अध्यक्ष रहेको हाम्रो नयाँ कृषि सहकारी संस्था लिमिटेडको ठगी काण्डमा ऊर्जा, जलश्रोत तथा सिचाई मन्त्री शक्तिबहादुर बस्नेतको पनि नाम जोडिएपछि माओवादीका नेताहरु कोही सुन काण्ड र कोही सहकारी काण्डमा मुछिएको भन्दै नेताहरुको असली रुप छताछुल्ल भएको छ। मन्त्री बस्नेत र उनकी श्रीमती सत्य पहाडीले सहकारीको अध्यक्ष हुँदा करोडौं ठगीमा उजुरी परेको थियो ।

सरकारले समस्याग्रस्त भनी घोषणा गरेको हाम्रो नयाँ कृषि सहकारी संस्थाको उपाध्यक्ष समेत रहेका मन्त्री डि.पी. अर्याल म्यानपावरका दलाल समेत रहेको समाचार श्रोतले बताएको छ। त्यस्तै, रास्वपाका सहमहामन्त्री बुर्लाकोटी त्यसबेला सञ्चालक भएर बचतकर्ताको रकम ठगी गरेको आरोप लागेको छ। यसरी सहकारी काण्डमा मुछिएपछि मन्त्रीत्रयका कानूनी र नैतिक संकटमा परेका छन् ।

सुप्रीम सहकारीका पीडितहरूले सडक आन्दोलनमार्फत सिंहदरबार घेर्ने बताई रहँदा रास्वपाका केन्द्रीय सदस्य गणेश कार्कीले छानविन गर्नुपर्ने बताएका छन्। रास्वपाका सभापति एवं गृहमन्त्री लामिछानेले बिभिन्न सहकारीबाट गैरकानूनी रूपमा ऋण लिएर गोर्खा मिडियामा लगानी गरी १४ प्रतिशत शेयर लिएको खुलासा भएको छ।

## भवनका ...

गर्न सक्लान् त भन्ने चर्चा चल्ने गरेको छ।

विभाग अन्तर्गतकै विशेष भवन आयोजनाले हेर्ने गरेको भैंसीपाटीमा निर्मित मुख्यमन्त्रीहरुको निवासको बाँकी भुक्तानी र व्यवस्थित शहर एवं अनियन्त्रित शहरीकरणलाई रोक्ने सुरक्षित भवन निर्माण गर्ने र जनताको मौलिक हकको रुपमा रहेको आवासको आवश्यकता पूरा गर्ने चुनौती पनि महानिर्देशक घिमिरेको काँधमा आएको छ। शहरी विकास तथा भवन निर्माण विभागको समस्याका बारेमा पूर्ण जानकार एवं विज्ञ सचिव मणिराम गेलाल शहरी विकास मन्त्रालयको सचिव हुनुले यी समस्याहरुको समाधान हुने जानकारहरुले बताएका छन् ।

## राजश्व ...

जानकारहरुले बताएका छन् ।

आस्था र विचार जे भए पनि बुढा भद्र र शालिन मानिन्छन् । यता राजश्व अनुसन्धान विभागको नेतृत्व सम्हाल्नासाथ एक क्वीन्टल सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालयको गेट बाहिरबाट पक्राउ गरेर चर्चामा आएका र राजश्व छल्नेहरुलाई समातेर धावा बोलेका ढुंगानालाई कोलकत्तामा महावाणिज्य दूतको रुपमा खटाउने सरकारको तयारी छ। कोलकत्तामा हाल ईश्वरराज पौडेल कार्यरत छन् । उनलाई फिर्ता बोलाएर ढुंगानालाई पठाउन लागिएको समाचार श्रोतले बताएको छ।

## राकसको ...

समाचार सूत्रले बताएको छ।

भूमिसम्बन्धी रहेका समस्यालाई मन्त्री भएको एक महिना बढी समय वित्दा समेत नीति र योजना ल्याउन नसकी झण्डामात्र हल्लाउने गरेका मन्त्री अधिकारी खानेपानीको समस्याका लागि दीर्घकालिन योजना बनाउन नसकेका राई भनी बताइन्छ। कृषि उत्पादनलाई आत्मनिर्भर बनाउन र समयमै मल बिऊको व्यवस्था गर्न नसकेकी साह, उद्योगलाई सरल बनाई विदेशी लगानी भित्र्याउन नसकेका भण्डारी तथा कर्मचारीहरुको उचित व्यवस्था गर्न नसकेका मन्त्री जोशी बनभोज कार्यक्रममा गएर उत्ताउलो भाषण गर्दा कर्मचारीहरुले नाक खुम्च्याएको सहभागीहरुले बताएका छन् ।

## देश ...

आम्दानीबिना खर्च मात्र भइरह्यो भने के हुन्छ ? यो सबैले बुझेकै छौं ।

सरकारले नबुझेको देख्दाचाहिँ आश्चर्यचकित लाग्छ। नेताहरुका कारणले भोलि नेपालीले नेपाल भन्ने अवसरमा गुमाउनुपर्ने अवस्था आउने देखिएको छ। एमाले अध्यक्ष खड्गप्रसाद शर्मा ओली केही महिनाअघिसम्म दाहालले देश सकायो भन्थे। अहिले उनले 'काँचुली' नै फेरेका छन् ।

आफू सरकारमा जानेबित्तिकै अर्थतन्त्र सुदृढ भएको, देशमा विकास आएको ओलीको दाबी छ। सत्ताका लागि जे पनि गर्ने यस्ता नेताहरुलाई के भन्ने ? कुनै शब्द नै छैन् । झुठ र फटाहा बोल्ने यस्ता नेताहरुले देश सकाएरै छाड्छन् । सांसदहरुले तलबभत्ता खाइरहेका छन्, काम केही गर्दैनन् ।

जनप्रतिनिधिहरुलाई दलाल गर्दै ठिक्क छ। सरकारबाट तलबभत्ता लिने र सरकारी गाडी चढ्ने अनि कामचाहिँ दलाल गर्दै हिँड्ने । सरकारी कर्मचारीबाट त केही अपेक्षा नै नगरौं । सरकारी कर्मचारी देशकै लागि बोझ बनेका छन् । बहालदेखि भूपूसम्म खाने नै खाने छन् तर आम्दानीको स्रोतचाहिँ के छ ?

विदेशी ऋण ! जनताले विदेशी ऋण लिन नहुने बताउँदै आएका छन् । 'ऋण भनेको घिन हो' र यसले भोलि आफैंलाई अप्ठेरो बनाउन सक्छ। तैपनि सरकार रोकिँदैन । हप्तैपिच्छे मन्त्रिपरिषद्‌बाट ऋण स्वीकृत हुन्छ। आफ्नो सत्ता टिकाउनका लागि जनतालाई भ्रममा पार्ने खेलो मात्र भइरहेको छ।

सरकारले न खर्च कटौती गर्न सक्छ न यहाँ राजश्व उठाउने स्रोत छ। सरकारसँग एउटै उपाय छ, विदेशीबाट ऋण ल्याउने खाने अनि ऋण तिर्न नसकेपछि नेपाल विदेशीलाई जिम्मा लगाइदिने । देश धितो राखेर यहाँ जुन मोजमस्ती गरिएको छ, त्यसको ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ।

नेपाल समग्र नेपालीको हो । नेताहरुले आफ्नो व्यक्तिगत सम्पत्तिझैं गरेका छन् । केही दिनअघि बाबुराम भट्टराईले ऋण काँढेर घिऊ खाने सरकारको चलन अहिलेपनि नहटेको बताए । सार्वजनिक पदमा आएको एक महिनाभित्र आफ्नो सम्पत्ति सार्वजनिक गर्नुपर्छ। चाहे त्यो प्रधानमन्त्री होस् या वडाध्यक्ष ।

सम्पत्ति सार्वजनिक गर्नैपर्छ तर कसले सम्पत्ति सार्वजनिक गऱ्यो त ? अहिले कसैले सम्पत्ति सार्वजनिक गर्दैनन् । नेतादेखि लिएर कर्मचारीसम्मको पैसा विदेशी बैंकमा छ। यहाँ राख्दा भ्रष्टाचारको पोल खुल्ने भएपछि तिनले विदेशी बैंकमा लगेर लुकाएका छन् । अहिले जति नै देशभक्तको गाना गाएपनि सबैले यिनको असली अनुहार देखिसकेका छन् ।

भोलि अलिकति छिरिक्क भयो भने यिनीहरु देश छोडेर भाग्छन् । सम्पत्ति जति विदेशी बैंकमा लगेर लुकाइसके, अनि देश सकिएपनि यिनलाई के मतलब ? यिनीहरुले नेपाललाई तहसनहस बनाए । खोक्रो भाषण दिएका छन्, देश लुटेका छन् । जनताले तिरेको करले नपुगेर विदेशीबाट ऋण लिएरसमेत खाएका छन् ।

अहिले नेपालमा के छ ? सानो भएपनि शक्तिशाली नेपाललाई नेताहरुले खोक्रो बनाइदिए । उद्योग, कलकारखाना सबै बन्द भइहाल्यो । छिमेकीलाई पोस्न दलालहरुले उद्योग, कलकारखाना बन्द गराए । यता, रोजगारी नभएर भेडाबाख्राझैं नेपाली विदेशमा बेचिनुपऱ्यो । सानो देशलाई ऋणको भारीभन्दा अरु केही छैन ।

योभन्दा बढी प्रगति के नै चाहियो ? नेपाल यति लाचार भयो कि के भन्ने ? छिमेकीले नेपालको भूभाग मिचिरहेका छन् । कतै चुइँक्क बोल्ने ठाउँ छैन । जनता मनमा नेताहरुप्रति यति घृणा पैदा भएको छ कि के भन्ने ? जनताको दुःख जनतासँगै छ। यहाँ सुनिदिने कोही छैन। विदेशी ऋण ल्याएपनि जनताको जीवनस्तरमा कुनै परिवर्तन आएको होइन । हिजो जनता जहाँ उभिएका थिए, आज पनि त्यहीँ छन् । परिवर्तन आएको त नेता र सरकारी कर्मचारीलाई मात्र हो । नेताहरुलाई जे गर्न पनि छुट भयो । आफ्नो पार्टी बलियो बनाउने भन्दै उनीहरुले सोच्दै नसोचिकन मनमौजी निर्णय गरे। जसको परिणाम केही वर्षमै भोग्नुपर्छ । अहिलेका नेताहरुले देश विकास गर्छन्, रोजगारी पाइन्छ, अर्थतन्त्रमा सुधार हुन्छ, महंगी घट्छ, विदेशी ऋण मिनाहा हुन्छ भन्नु जनताले दिउँसै सपना देख्नु हो। विदेशी हस्तक्षेप बढेको बढ्यै छ। विदेशीको अगाडि नेपाल यति निरीह छ, वर्णन गरिसाध्य छैन ।

अन्य मुलुकको सामुन्ने नेपाल चुपचाप बस्नुपर्ने बाध्यता छ। दाहालले प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेको १६ महिना हुन लाग्यो । पहिलोपटक यति लामो समय प्रधानमन्त्री बनेका उनले अर्थतन्त्र सुधार्ने होइन, सकाउने कामचाहिँ गरे। दाहालसँग अलिकति देश र जनताको माया छ भने पद छोडिदिए हुन्छ।

दाहाल नै प्रधानमन्त्री बनिरहे भने देश झनझन् नाजुक बन्छ। जनताले कर तिर्न छोडिसके । बिहान बेलुका छाक टार्न समस्या परेको बेलामा कसले कर तिर्ने ? जनताले दाहालमाथि विश्वास गर्दैनन् । त्यसलै पद ओगटिरहनु भन्दा मार्ग प्रशस्त गरिदिए हुन्छ। पद ओगटेर मात्र देशले निकास पाउँदैन ।

## प्रेस ...

यसैगरी, युनियन कोशी प्रदेश समितिको परामर्श समितिमा ५१ जनालाई मनोनयन गरेको छ ।परामर्श समितिमा अनन्तराज न्यौपाने,अमर खड्का,अरविन्द मेहता,आनन्द गौतम,इन्द्र गिरी,इन्दु पूर्वेली,कृष्ण अधिकारी,कृष्ण आचार्य,कृष्ण भट्टराई जुनेली रहेका छन् । यस्तै, कुमोद अधिकारी,केदार रिजाल,केदार थापा,कौशल निरौला,खगेन्द्र घिमिरे,गणेश निरौला,गुरु ढकाल,गोविन्द घिमिरे,ताविल अन्सारी,तोयानाथ काफ्ले,दुर्गाप्रसाद खतिवडा, देवराज सुवेदी, नगेन्द्र राई, नरेश ढुंगाना र पवन अधिकारी रहेका छन् ।

यस्तै, विक्रम निरौला,विजयशेखर भट्टराई,विनोद भण्डारी,विपेन्द्र गौतम,विवेक मिश्र,भक्तिविलास पोखरेल,भीषण राई,माला पालुङ्वा,महाजीत राई,मेनुका पाण्डे,मोहन वान्तवा राई,मो. सदरुल,मो. इकवाल,रश्मि शेखर सुवेदी,राजेश्वर श्रेष्ठ,राजेन्द्र गौतम,लक्ष्मी लुइँटेल,लक्ष्मी भण्डारी,सन्तोष यादव,सुविद गुरागाईं,सुरेन्द्र भण्डारी,सुमन गुरागाईं,सुशीला पाठक,सुरेशचन्द्र दाहाल,शङ्कर लुइटेल, श्याम राईर हेमराज दाहाल रहेका छन् ।

## इलाममा ...

पनि मंगलबार नै इलाम पुगेकी थिइन् । यसैगरी गृहमन्त्री रवि लामिछाने र अर्का मन्त्री डोलप्रसाद अर्याल पनि इलाम पुग्ने तयारीमा रहेका प्रहरी प्रशासन सूत्रले जानकारी गराएको छ।

यसैगरी मंगलबार नै पूर्वपरराष्ट्रमन्त्री नारायणप्रसाद (एन.पी.) साउद पनि इलाम पुगेका छन्। नेपाली कांग्रेसका उम्मेदवार डम्बर खड्काका लागि मत माग्न उनीइलाम पुगेका हुन्। यस्तै, नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली पनि सोही दिन नै इलाम पुगेका हुन्।

उता, रास्वपाका सांसद तोसिमा कार्की, राप्रपाका उम्मेदवार लक्ष्मी गुरुङका लागि मत माग्न राप्रपाका सांसद ज्ञानेन्द्र शाही पनि इलाम पुगेका छन्।

यसैगरी इलाममा अन्य दलका नेताहरु पनि पुगिरहेका छन् । कोशी प्रदेशका स्थानीय निकायका प्रमुखहरु पनि इलाममा पुग्ने क्रम जारी रहेको बताइएको छ।

यसैगरी कांग्रेसका महामन्त्रीहरु गगनकुमार थापा र विश्वप्रकाश शर्माले बैशाख ८ गते चुनावी सभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

## सरकार नै ..

छन् । अधिकारीको असंवैधानिक कार्यलाई प्रधानमन्त्री दाहालले रोक्नुपर्नेमा उल्टो कार्य गर्दै आएको बताइएको छ।

यस्तै अवस्था अर्थात कानून मिच्ने कार्य कोशी प्रदेशमा समेत गर्ने तयारीमा सत्ता गठबन्धनमा रहेका दलहरुले देखाएका छन्। कोशीमा हाल केदार कार्की नेतृत्वको सरकार दुई वर्षसम्मका लागि सुरक्षित रहेको अवस्थामा समेत त्यसलाई हल्लाउने प्रयास भैरहेको छ। संविधानमा उल्लेखित कानून तथा सर्वोच्च अदालतबाट गरिएको नजिरका आधारमा समेत उक्त सरकारका विरुद्धमा दुई वर्षसम्म परिवर्तन गराउने खालका गतिविधि गर्न नपाइने स्पष्ट रुपमा उल्लेख भए पनि त्यस विपरितको कार्य गर्न नेकपा (एमाले) र नेकपा ( माओवादी केन्द्र) का नेताहरु लागि परेको अवस्था छ।

यसैबीच सुदूरपश्चिम प्रदेशमा नेकपा (एकीकृत समाजवादी) बाट मुख्यमन्त्री बनाउने गरी अनेक जालझेल गरेको सत्ता गठबन्धनको अवस्थामा एकीकृत समाजवादीले उम्मेदवार बनाउने भनिएका पात्रको विषयलाई लिएर नेकपा (एमाले) ले आपत्ति प्रकट गरेको छ। पहिले मुख्यमन्त्रीका लागि नागरिक उन्मुक्ति पार्टीका तर्फबाट दुईजनाको दाबी परेको अवस्थामा एकीकृत समाजवादी र एमाले पृथक अवस्थामा रही उनीहरुलाई समर्थन गरेका थिए। पछि नेकपा (एकीकृत समाजवादी) लाई पहिलो चरणमा मुख्यमन्त्री दिने भनी केन्द्रमा सहमति भएपछि एकीकृत समाजवादीले पत्र पठाई समर्थन फिर्ता लिएको बताएको थियो । यस्तो अवस्थामा दुवैजनाको दाबी नपुगेको भन्दै त्यसलाई खारेज गरी प्रदेश प्रमुखले फेरि दुई दिनको अर्थात विहीबार साँझ ५ बजेसम्मको समय दिएका थिए।

यस्तो अवस्थामा एकीकृत समाजवादीले आफ्नोतर्फबाट दीर्घबहादुर सोढारीलाई मुख्यमन्त्रीको रुपमा अघि सारेको थियो। सोढारीको नाममा सहमति जनाउन नसकिने भनी एमालेले भनेका कारण एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल बिच्किन पुगेका थिए। सोही कारण अध्यक्ष नेपालले कांग्रेसका सभापति शेरबहादुर देउवासँग बुधबार राति कांग्रेस नेता डा. नारायण खड्काको निवासमा भेटवार्ता गरेका छन् ।

सत्ता गठबन्धनमा खटपट भइरहेको यो बेला देउवा र अध्यक्ष नेपालबीच भएको गोप्य भेटवार्तालाई अर्थपूर्ण रूपमा हेरिएको छ। स्रोतका अनुसार देउवा र नेपालीबीच सुदूरपश्चिम प्रदेश सरकार निर्माण र वैकल्पिक गठबन्धन बनाउने विषयमा छलफल केन्द्रित थियो । अध्यक्ष नेपालले प्रधानमन्त्री दाहाल र एमाले अध्यक्ष खड्गप्रसाद शर्मा ओलीसँगै सहकार्य सहज नभएको भन्दै वैकल्पिक गठबन्धन निर्माणमा आफ्नो साथ रहने विश्वास दिलाएको स्रोतले दाबी गरेको छ। अध्यक्ष नेपालले वैकल्पिक मार्ग खोज्न थालेको अवस्थामा एमाले निहुरिन तयार भएको छ। हिजो विहीबार एकीकृत समाजवादीका तर्फबाट ओढारीले मुख्यमन्त्रीको दाबी प्रस्तुत गर्दाको पत्रमा एमाले निहुरिएर समर्थन जनाउन पुगेको छ।

एकीकृत समाजवादीले साथ छोड्दा मधेश, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा केन्द्रीय गठबन्धन बाहिरबाट सरकार बन्ने परिस्थिति छ। यसैगरी एकीकृत समाजवादी गठबन्धनबाट बाहिरिए जनता समाजवादी पार्टी पनि बाहिरिन सक्ने चर्चा छ। नयाँ गठबन्धनप्रति जसपामा पनि सन्तुष्ट देखिएको छैन ।

गत फागुन ३० गते दाहालले तेस्रो पटक विश्वास मत लिँदा उनीसँग एक सय ५६ सांसदको समर्थन थियो । सरकार जोगाउन एकीकृत समाजवादी र जसपाको साथ अनिवार्य जस्तो अवस्थामा हालको सरकार रहेको छ। एकीकृत समाजवादीका १० र जसपाका १२ गरी २२ सांसदले साथ छोड्दा वर्तमान सरकार अल्पमत पर्ने देखिन्छ। सरकार बनाउन एक सय ३८ सांसद चाहिने हुन्छ।

सुदूरपश्चिम प्रदेशको विवादमा उत्पन्न मनमुटावका कारण केन्द्रमा समेत सत्तारुढ दलका नेताहरुकाबीचमा सौहार्दता हराउने अवस्था आउने अधिवक्ता भवानीप्रसाद अधिकारी बताउँछन् । सरकार जोगाउने नाममा एकले अर्कालाई निषेध गर्ने वा अप्ठेरोमा पार्ने कार्य जारी हुने हुँदा कुनै पनि दिन उक्त कुरा विष्फोटको अवस्थामा आउने धारणा अधिवक्ता अधिकारी राख्छन् ।

भ्यागुताको धार्नी पुऱ्याए जसरी सरकारका समर्थकहरुको संख्या पुऱ्याएका प्रधानमन्त्री दाहाल पछिल्ला घटनाहरुले संकटमा परेका छन् । एकातिर एमालेका अध्यक्ष ओलीको पेलान् खेप्नु परेको छ भने अर्कातिर एसका अध्यक्ष नेपालको अडानलाई झेल्नु परेको छ। यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको विवादित गतिविधिले समेत उनलाई समस्यामा पारिरहेको छ।

कांग्रेससँगको सहकार्य टुटाउँदा सहज हुने ठानी काँध फेर्न पुगेका दाहाल पछिल्लो समयमा समस्यामा देखिएका छन् । उनले आफूले चाहे जसरी न सरकार चलाउन सकेका छन् न त प्रदेशहरुलाई आफ्नो अनुकुलको अवस्थामा राख्न सकेका छन् ।

# एसबिआई बैंकको तीन अर्बको ऋणपत्र



काठमाडौं/ नेपाल एसबिआई बैंक लिमिटेडले तीन अर्ब रुपियाँ बराबरको ऋणपत्र 'नेपाल एसबिआई ऋणपत्र २०९०' निष्कासन गर्ने भएको छ। बैंकले ऋण पत्र बिक्री प्रबन्धकको रूपमा नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेडलाई नियुक्त गरेको छ।

बैंकको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रमकाबीच दुई पक्षले समझदारी गरेका हुन् । उक्त सम्झौतापत्रमा नेपाल एसबिआई बैंक लिमिटेडको तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत राजेशकुमार पंडा र नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत मनिषनारायण जोशीले हस्ताक्षर गरे।

नेपाल धितो पत्र बोर्ड, कम्पनी रजिस्टारको कार्यालय लगायतका सम्पूर्ण नियामक निकायको स्वीकृतिपश्चात् ऋणपत्र निष्कासन गरिने बैंकले जनाएको छ ।यस बैंकले ९७ शाखा, २२ एक्स्टेन्सन काउन्टर, ७ प्रादेशिक कार्यालय तथा १ कर्पोरेट कार्यालयका साथै १२१ एटिएमबाट आफ्नो सेवा प्रदान गर्दै आएको जनाइएको छ।

# जनकपुरधाममा सांस्कृतिक महोत्सव

जनकपुरधाम/ भारतीय राजदूतावास, काठमाडौंस्थित स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, भारतको महावाणिज्य दूतावास,वीरगंज र बी.पी. कोइराला भारत-नेपाल फाउन्डेसनले नेपाली नयाँ वर्ष विक्रम सम्वत् २०८१ को अवसर पारेर जनकपुरधाम सांस्कृतिक महोत्सवको दोस्रो संस्करणको आयोजना गरेको छ।




कार्यक्रमको पहिलो सत्रमा हरिवंश झाले 'जानकी लीला' मा महत्वपूर्ण व्याख्यान प्रस्तुत गरेका थिए। कार्यक्रममा सारीका साथै भारत र नेपालका किल्लाहरुको प्रदर्शनी र चर्चित सेफ सन्तोष साहद्वारा प्रस्तुत मैथिली फुड फेस्टिवल पनि समावेश थियो ।कार्यक्रमको दोस्रो सत्रमा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रका गुरु तथा कलाकारले भगवान् राम र सीताको जीवनीमा आधारित भजनको सांगीतिक प्रस्तुति प्रस्तुत गरेका थिए ।दोस्रो सत्रको विशेष आकर्षण प्रसिद्ध नेपाली गायिका मेनुका पौडेलको प्रस्तुति रहेको थियो। मेनुका पौडेल इन्डियन आइडल २०२४ को उत्कृष्ट १० मा पर्न सफल भएकी थिइन् ।

मधेश प्रदेशका माननीय मुख्यमन्त्री सरोजकुमार यादवले प्रमुख अतिथिको रुपमा महोत्सवको पहिलो सत्रको उद्घाटन गरेका थिए। जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले साँझको सांस्कृतिक कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थिति जनाएका थिए। दुई देशका कला, संस्कृति तथा चाडपर्वको साझा परम्परामा झल्किने भारत र नेपालको साझा सांस्कृतिक सम्पदालाई जनकपुरधाम सांस्कृतिक महोत्सवको दोस्रो संस्करणले मनाएको थियो।

# मतपत्र निर्वाचन क्षेत्रमा पुगे

भक्तपुर/ यही बैशाख १५ गते हुने उपनिर्वाचनका लागि निर्वाचन आयोगले मतपत्र छपाई गरी सम्बन्धित जिल्ला तथा क्षेत्रमा पुगेको जानकारी दिएको छ। इलाम प्रतिनिधिसभा क्षेत्र नम्बर २ र बझाङ प्रदेशसभा १ का लागि मतपत्र छपाई गरेर पठाइसकिएको जानकारी आयोगले गराएको छ।

इलाम क्षेत्र नं.२ मा १९ जना उम्मेदवार तथा बझाङ प्रदेशसभा क्षेत्र नं.१ मा ११ जना उम्मेदवारहरू चुनावी मैदानमा रहेका छन् ।आयोगले ती क्षेत्रमा प्रयोग हुने मतपत्रको नमुना सार्वजनिक गरेको छ। जस अनुसार इलाम क्षेत्र नम्बर २ मा मतपत्रमाकांग्रेसको रुख, एमालेको सूर्य, रास्वपाको घण्टी, राप्रपाको हलो, जनमत पार्टीको हर्न लगायतका चिन्हहरु राखिएका छन् । यसैगरी बझाङ प्रदेशसभाको निर्वाचनका लागि सार्वजनिक नमुना मतपत्रमा कांग्रेसको रुख, एमालेको सूर्य,माओवादी केन्द्रको हसिँया हथौडा, राप्रपाको हलो, एकीकृत समाजवादीको कलम लगायतका चुनाव चिन्हहरू राखिएका छन् ।

मंगलमय शुभकामना

नव वर्ष २०८१ को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

ए.वान. बिल्डर्स प्रा.लि. परिवार

टेलिभिजन/वासिङ मेसिन चाहिएमा

नेपाली बजारमा आफ्नै नेपाली पहिचान

टेलिभिजनको दुनियाँमा नेपाली अभियान

- नेपाली ग्राहकको चाहना हामी उचित मूल्यमा पूरा गर्दछौं।

काठमाडौं उपत्यका तथा वीरगञ्जमा जहाँ चाहियो त्यहीँ

Abhiyan

अभियान डिजिटल वर्ल्ड प्रा.लि.

काठमाडौं

विष्णु काफ्ले (९८५१११७५७२)

# सिद्धिचरण पुरस्कार ठाकुर र कार्कीलाई



ओखलढुंगा/ युगकवि सिद्धिचरण प्रतिष्ठानले युगकवि सिद्धिचरण पुरस्कार २०८१ प्रा. डा. उषा ठाकुरलाई प्रदान गर्ने भएको छ। यसैगरी युगकवि सिद्धिचरण युवा पत्रकारिता पुरस्कार पत्रकार नवराज कार्कीलाई प्रदान गरिने प्रतिष्ठानले जनाएको छ।

प्रतिष्ठानका अध्यक्ष वैरागी काइँलाको अध्यक्षतामा बसेको बैठकले युगकवि श्रेष्ठको ११३औं जन्मजयन्तीका अवसरमा आउँदो जेठ ९ गते विशेष कार्यक्रम गरी सो पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो।प्रतिष्ठानले विज्ञप्तिमा तीनदशकदेखि युगकविका कृतित्व र व्यक्तित्वका बारेमा अध्ययन तथा अनुसन्धान गरी देशविदेशमा सुयश फैलाउन विशिष्ट योगदान पुऱ्याएबापत ठाकुरलाई सो पुरस्कार दिने भइएको हो। यस्तै लामो समयदेखि पत्रकारिता क्षेत्रमा अनवरत योगदान गरेबापत पत्रकार कार्कीलाई पनि पत्रकारिता पुरस्कार प्रदान गरिने भएको हो। कार्कीले ओखलढुंगा जिल्लामै रहेर डेढदशकदेखि पत्रकारिता गर्दै आएका छन्।

प्रतिष्ठानले उपाध्यक्ष प्रा.डा. मोहन लोहनीको संयोजकत्वमा सदस्यद्वय प्रा. डा. अभि सुवेदी र प्रा. डा. जयराज आचार्यसहित तीन सदस्यीय पुरस्कार छनोट समिति गठन गरेको थियो। समितिको सिफारिसलाई प्रतिष्ठानको बैठकले अनुमोदन गरी सो निर्णय गरिएको जनाइएको छ।

# कसले 'चञ्चल' बनायो बबिनाको मन ?




काठमाडौ/ भन्न त भन्छन् यहाँ 'माया आफै हुन्छ लाउन पर्दैन' भनेर। भर्खरै सार्वजानिक भएको गजल 'चञ्चल' मा भने युवतीले गजलकारलाई गुनासो गरेकी छिन् आफूलाई नसोधिकन दिलमा सजाएकोमा अनि आफ्नो शान्त अनि कोमल मनलाई चञ्चल बनाएकोमा।

आफूलाई रित्तो घडाको उपमा दिँदै हालसम्म उनी आफ्नो सामु कोहि नआएको तर उनको आवगमनको रहर चाहिँ के हो त ? भनेर प्रश्न गर्छिन्। आफै गुनासो गर्दै सायद सरोजलाई टुना नै लगाएकी हुन् कि उनले ? उनीसँगको टाढापन, उनीसँगको विछोडको पीडा सम्झँदा मात्रै पनि अत्यास मान्छन् गजलकार।

उनीसँग जोडिएको मायालु नाता नछुटोस् भन्ने आग्रह छ गजलकारको। गजलका शेरहरुमा यहि अनुनय विनय गरेका छन् गजलकारले। सायद नसोधिकन दिलमा सजाएकोले होला ती युवतीलाई भने यो सम्वन्ध स्वीकार छैन, उनले आफूलाई राखेको दिल हो भन्ने पनि भुलेर त्यहि दिलमा अन्धाधुन्ध धारिलो छुरा चलाउँछिन्, उनको छुरा प्रहारले दिल टुक्रा टुक्रा भएको, छियाछिया भएको छ गजलकारको। छियाछिया भएको दिल लिएर पनि बाँच्न विवश भएका छन् गजलकार, आफै बसेको दिलमा पनि अन्धधुन्ध छुरा चलाउन सक्ने उनको निष्ठुरीपनले सख्त घायल छन् उनी।

आफ्नो निर्दोष मन वसमा राख्न नसकेर उनलाई दिलमा सजाएकोमा पछुतो छ सायद्, उनले धीरताको सीमास्तम्भ नै गल्र्याम्म ढलाएकी छिन्। यति बेला त्यो धीरताको स्तम्भ फुटेर चकनाचुर भएको छ, उनले चलाएकी छुराले दिल घायल भएको छ, विह्ल भएको छ। कसैलाई नसोधेर दिलमा सजाउनुको पीडा गजलले बोलेको छ। नसोधिकन कसैलाई पनि दिलमा नसजाउन गजलले सजग बनाएको छ।

मनमा प्रेमिल भाव उब्जिन सक्छ, कसैप्रति मन आकर्षित हुन सक्छ तर नसोधिकन त्यो भाव प्रकट गर्न नहुने रहेछ भन्ने सन्देश पनि बोकेको छ गजलले। बबिना भट्टराईको अफिसियल युट्ब च्यानलबाट सार्वजानिक भएको गजल 'चञ्चल' पछिल्लो समय विभिन्न सुमधुर गीत, गजल, भजन र नेपाली गीति क्षेत्रमा पहिलो चारु गाएर नेपाली सुगम संगीतमा छाइरहेकी छिन्। चर्चित गायिका बविना भट्टराईको स्वर र संगीतमा सार्वजनिक भएको छ भने 'चञ्चल' गजलका शेरहरु लिपिवद्ध गरेका हुन् सरोज संगम रावलले। उक्त गजलको एरेन्ज सञ्जय श्रीपालले गरेका छन् भने मिक्सिङ र मास्टरिङ प्रकाश खरेलको रहेको छ।

म्युजिक नेपालको स्टुडियो, अनामनगरमा नकुल कार्कीले उक्त गजल रेकर्ड गरेका हुन्। जस्केलो क्रियशनद्वारा निर्माण गरिएको गीतको भिडियोमा गायिका तथा संगीतकार बबिना भट्टराई वाद्यवादकको समूहसँग आफै फिचर्ड छिन्।

'हसाउँछौ तिम्रै मर्जी, रुवाउँछौ तिम्रै मर्जी....' बोलको अविनाश थापाको शब्द तथा दीपक शर्माको संगीतमा पहिलो गीत गाएकी बबिनाको १५ वर्षभन्दा बढिको संगीत यात्रामा विभिन्न गीत तथा भजनहरुमा स्वर तथा संगीत दिएकी छिन्। सुगम संगीत तथा भक्ति संगीत पारखी दर्शक तथा स्रोताको मुटुको ढुकढुकी बनेकी छिन् उनी।

संगीत क्षेत्रबाट चरमचुलीमा पुग्ने जीवनको अभिष्ट लिएर संगीतयात्रामा यात्रारत् बबिनाका भगवान श्री कृष्णका भजनहरु काले काले कृष्ण, मधुराष्टकम्, महामन्त्रको रुपमा जपिने हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ..हरे राम हरे राम राम राम हरे हरे, अच्युतम् केशवम् रामानारायणम्, श्री कृष्ण गोविन्द हरे मुरारे, अच्युताष्टकम लगायत भगवान श्री राम, महादेव, हनुमान चालिसा, दुर्गा भजन, गायत्री मन्त्र लगायतका विभिन्न भजनहरु बीणा भक्ति युट्ब च्यानलमा संग्रहित रहेका छन्। उनका व्यावसायिक गीतहरु उनको आफ्नै 'बबिना भट्टराई' युट्ब च्यानलमार्फत सार्वजानिक हुँदै आएका छन्।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक निर्माण गर्दा ठूलो धनराशी खर्च हुने भएकाले निर्माण सम्पन्न भइसकेको सडक संरचनामा प्रतिकुल असर पर्ने गरी देहायका कुनै पनि क्रियाकलाप नगरिदिनु हुन अनुरोध छ।
- सडकको मापदण्ड विपरित स्थायी संरचना घर टहरा आदि निर्माण नगरौं।
- सडक किनारमा निर्माण सामग्री नथुपारौं। सडक छेउको नालीमा फोहोर मैला नफालौं।
- सडकमा पानी, ढल आदिको निकास बन्द गरौं। सडक किनारमा निजी/व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं।
- सडक अतिक्रमण रोक्नु हरेक नगरिकको दायित्व हो। तसर्थ सडक अतिक्रमण नगरौं।
डिभिजन प्रमुख
सडक डिभिजन बागलुङ




नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक निर्माण गर्दा ठूलो धनराशी खर्च हुने भएकाले निर्माण सम्पन्न भइसकेको सडक संरचनामा प्रतिकुल असर पर्ने गरी देहायका कुनै पनि क्रियाकलाप नगरिदिनु हुन अनुरोध छ।
- सडकको मापदण्ड विपरित स्थायी संरचना घर टहरा आदि निर्माण नगरौं।
- सडक किनारमा निर्माण सामग्री नथुपारौं। सडक छेउको नालीमा फोहोर मैला नफालौं।
- सडकमा पानी, ढल आदिको निकास बन्द गरौं। सडक किनारमा निजी/व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं।
- सडक अतिक्रमण रोक्नु हरेक नगरिकको दायित्व हो। तसर्थ सडक अतिक्रमण नगरौं।
भेरी करिडोर
-योजना प्रमुख

काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?
हुनुहुन्छ भने:
- श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस्।
- राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस्।
- श्रम कल सेन्टरको निःशुल्क नम्बर ११४१ मा फोन गर्नुहोस्।
नेपाल सरकार
विज्ञापन बोर्ड

Chief-Editor/Publisher : Koushal K. Bhattarai, Editor : Krishna Lamsal, Executive Editor : Piamani Bhattarai, Legal Advisor : Advocate Hari Sharan Jamakatel
Marketing Manager: Devraj Acharya, Computer Designer: Roshan Gyeawali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Advisor : Tika Yogi, Main Office : Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu, Phone :- 977-1-5367064, Email : nayabimarsha@gmail.com